# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

## फाल्गुण पूर्णिमा



मञ्जुश्री

चीनमा लगेर प्रतिस्थापना गर्न लागिएको निर्माणाधीन मूर्ति

DHARMAKIRTI

वर्ष- २० अङ्क- ११ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १. बुद्ध-वचन | - | १ |
| २. सम्पादकीय 'अतिजिद्दिपन भएन' | - | २ |
| ३. चारवर्ण ब्यवस्थामा शुद्धि | - | ३ |
| ५. धम्मपद-१५६ | - रीना तुलाधर | ५ |
| ४. 'आफू' लाई चिनौं | - चित्ररत्न शाक्य | ५ |
| ५. श्रामणेर भएको अनुभव | - सिम्रिकमान तुलाधर | ६ |
| ६. सत्यताय् च्वने | - लक्ष्मी हीरा तुलाधर | ६ |
| ७. मानसिक रोगको उपचार | - भिक्षु अश्वघोष | ७ |
| ८. ध्यानकुटी बाल आश्रमलाई सहयोग | - | ८ |
| ९. असल मित्र | - भिक्षु संघरक्षित, संघाराम | ९ |
| १०. श्रमण नारद-२ | - ले. श्रीयुक्त नाथुराम प्रेमी, अनु. प्रकाश बज्राचार्य | १० |
| ११. महा मन्जुश्री | - अरनिको समाज | १३ |
| १२. 'लँ' | - (बेबी) सुमित्रा मानन्धर | १४ |
| १३. पछुताप गरेर के गर्ने | - हरिकृष्ण श्रेष्ठ | १४ |
| १४. छलफल | - मेघदूत | १२ |
| १५. घमण्डं भि याइमखु | - जयवती | १६ |
| १६. यो पनि जानी राखे राम्रो ... | - | १७ |
| ११. धर्मकीर्ति विहार-गतिविधि | - | १८ |
| १२. धर्म प्रचार-समाचार | - | २० |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, ब्यापार, कार्यालयया बिया ययूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय यायूगुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन : २५७५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२३
इस्वीसम्वत् २००३
विक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**FEBRUARY 2003**

| वर्ष- २० | अङ्क- ११ | सि:पुन्ही | फाल्गुण २०५९ |
|---|---|---|---|





★ आफ्नो दोष देखाइ दिने लाइ गाडेको धन देखाइ दिने मित्र भनि ठान्नुपर्छ । ज्ञानीहरू आफूलाई गालि गरेर सिकाउनेको सत्संगत् छोड्दैनन्, त्यस्ताको सत्संगत गर्नाले आफ्नो उन्नति सिवाय हानि हुँदैन ।

★★★

★ लाभ सत्कार पाइने बाटो अर्कै, निर्वाण पाइने बाटो अर्कै सम्झेर बुद्ध शासनमा बस्ने भिक्षुले समाजमा लाभ सत्कारको वास्ता नराखि शान्त जीवन हुने चर्या बढाउनु पर्दछ ।

★★★

★ मूर्खको बुद्धि अनर्थ गर्ने हुन्छ, मूर्खले आफ्नो मूर्खताको कारण आफ्नो सुख हुने भविष्यलाई आफ्नै शिर फोरे झैं गरेर बिगार्दछ ।

# अतिजिद्दीपन भएन

गौतम बुद्धको उपदेश र शिक्षामा अनित्य, दुःख र अनात्मा उल्लेख भएको पाइन्छ । अनित्य- सबैचीज परिवर्तन शील र नाशवान् छ । दुःख- सबै चीज नाशवान् भएकाले दुःख हुन्छ । अनात्मा- सबै चीज परिवर्तन र सधैं जवानी नहुनु, आफ्नो वशमा नहुनु सदा कालिक नहुनु नै अनात्मा हो । आत्मा र अनात्माको विवादमा न फसौं ।

हामी सबैमा अहंपन र जिद्दीपन लुकेको हुन्छ । यही अहंकार र जिद्दीपनलाई नाश गर्न बुद्धले अनात्माको कुरा उठाउनु भएको हो । गौतम बुद्धको पालामा धेरै भिक्षुहरू घमण्डी र अहंवादी थिए । ठूलो विद्वान भिक्षुहरू बिचमा पनि परस्पर कलह र झगडा भइरहन्थ्यो । बुद्धको अर्ति पनि सुन्न चाहन्नथ्यो । विद्वत्ताको घमण्डले पागलपन स्वभाव भएका थिए । अनि गौतम बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु हुन्थ्यो - भिक्षुहरू ! तिमीहरूमा भएको अहंकार र जिद्दीपन नाश गर्न सके म तिमीहरूलाई निर्वाणमा पुऱ्याइ दिन्छु । बुद्ध अरू अरुलाई निर्वाण पद सम्म पुऱ्याउने जिम्मा लिनु हुन्नथ्यो । मार्ग प्रदर्शक मात्र छु भन्नु भएको थियो । आचरण शुद्धगर्न सके निर्वाण सुख प्राप्त गर्न सकिने कुरा मात्र भन्नु हुन्थ्यो । तर भिक्षु हरूलाई प्रत्यक्षरूपमा निर्वाण पदमा पुऱ्याइ दिने कुरा भन्नु भयो ।

यहाँ बुझ्नु पर्ने के भने भिक्षुहरूमा धेरै अहंकार र जिद्दीपन देखिन्थ्यो । जिद्दीपन पनि घमण्ड नै हो । त्यही नराम्रो स्वभावलाई नै नाश गर्न बुद्धले अनात्माको कुरा उठाउनु भएको हो । बहुजन हिताय हुने राम्रो काम गरेर गौरब अनुभव गर्नु र स्वाभिमान हुनु अर्कै कुरा हो ।

बुद्ध मध्यममार्गी र पथ प्रदर्शक हुन् । तर बुद्धका अनुयायीहरू भन्न त अनात्मवादी भन्ने गर्दछन् । तर आफू चाहिं अति जिद्दी हुने । आफ्नो जिद्दीपनले आफूलाई र अरुलाई कतिसम्म अहित भलोहुन्छ यतातिर ध्यान दिंदैनन् । अति भनेको कुनै पनि चीज राम्रो छैन । औषधी पनि अति भएको खण्डमा विष हुन्छ । नून बढी भयो भने खाना मिठो हुँदैन ।

संघ-संस्थामा र कुनै सम्मेलनमा नेताहरूमा र आयोजकमा अति जिद्दी पन भएमा कार्यकर्तामा असन्तोष फैलिन्छ । कार्यक्रम असफल हुने सम्भावना छ । अनात्मामा आस्था राख्ने भए पनि जिद्दीवाला चाहिं आत्मावादी नै हुनेछ । अतः अति जिद्दीपन कुनै हालतमा राम्रो छ भन्न मिल्दैन ।

जिद्दीपन हटाउनलाई आफ्नो गल्ति महसूस हुनु पर्छ, आत्मालोचना गर्न सक्नु पर्छ । अन्यथा जिद्दीपन हट्न सकिंदैन ।

# चारवर्ण ब्यवस्थामा शुद्धि

लोक कल्याणको लागि शील, समाधि र प्रज्ञा द्वारा विकृत हुँदै गएको धर्मको पुनर्स्थापना गर्नु अति आवश्यक थियो। धर्म विकृत हुनुको एउटा मूख्य कारण जन्मको आधारमा समाजलाई चारवर्णमा विभाजित गर्नु थियो। जसबाट समाजमा धर्म कम हुँदै गएर जाति र वर्ण व्यवस्थालाई अधिक महत्व दिन थालेको थियो। त्यसैले चारवर्ण व्यवस्थालाई शुद्ध गर्नु अति आवश्यक थियो ता कि व्यक्ति व्यक्तिको र समाज-समाजको कल्याण गर्न सकियोस्। यस मान्यताको कारण अनेक ब्यक्तिहरूले अज्ञानता पूर्ण मोह-मूढताको कारण आफ्नो हानि गरिरहेथ्यो। जाति, धन र गोत्रको अभिमानले भरिपूर्ण ब्यक्ति मनुष्य जातिका अन्य ब्यक्तिहरूलाई अपमान गर्दथ्यो जसको कारण ऊ स्वयं अधो: पतनका कारण बनिरहेको थियो।

हुनत यस्तो मोह-मूढता आज पनि समाजमा पाइन्छ तर गौतम बुद्धको समयको समाजमा यो मान्यता अधिक प्रवल थियो। त्यस समय समाजको अधिक ब्यक्तिहरूमा जाति, गोत्र र धनको अभिमान थियो। यस्ता ब्यक्तिहरू आफ्नो अहंकार पूर्ण अज्ञानको कारण सद्धर्मलाई बुझ्दै बुझ्दैन, आफूले धारण गर्नु त टाढैको कुरा भयो। यस्ता ब्यक्तिहरू आफू त सद्धर्मबाट टाढा रहन्छन्, उनीहरूले समाज र राष्ट्रलाई पनि ठूलो नोक्सान गर्छन्। समाजको एक वर्गलाई अत्यन्त तलको मानेर तिनीहरूको घोर अपमान गर्दथ्यो, तिनीहरू माथि शोषण गर्दथ्यो। ता कि ती वर्ग पीढ़ी-दर-पीढी जहिले पनि तल्लो जाति नै बनीरहून् र अन्य ब्यक्तिहरूको सेवा गर्नु नै आफ्नो धर्म थानिरहुन्। यस्तो दुर्गन्धित दूषित वर्ण-ब्यवस्थालाई समाजबाट हटाउन बुद्धले प्रयत्न गर्नु भयो।

भगवान तथागतको करुणा समाजका चारै वर्णका ब्यक्तिहरूमा समान रूपले थियो। ब्राह्मण र क्षेत्रिय आफूहरूलाई उच्च वर्ण थानेर जातिय अभिमानबाट भरिपूर्ण थियो। शताब्दियौं देखि दुबै वर्णमा एक अर्को भन्दा उच्च कोटी सावित गर्ने द्वन्ध चलिरहेको थियो। वैश्य धन कमाउनमा नै ब्यस्त थियो। शूद्र शताब्दियौं देखि चल्दै आएको यस दूषित ब्यवस्थाको कारण अत्यन्त हीनभावले ग्रस्ट थिए। उनीहरू आफ्नो भलाई उद्धारको बारेमा सोच्न पनि पाउँदैनथे। उनीहरूले चिताएको पनि थिएन कि यसै जीवनमा ब्राह्मण बन्न सक्छन् भनेर। तथागतले चार वर्णको यस परम्परालाई शुद्ध गर्ने एउटा ठूलो कदम उठाउनु भयो। जन्मको कारण उच्च या नीचको भेदभाव नहुने एउटा समाजको गठन गरेर देखाउनु भयो। यस्तो धर्म पूर्ण समाजमा कर्मद्वारा कोही उच्च हुन्थ्यो कर्म द्वारा नै कोही नीच हुन्थ्यो। जो कर्मको कारण आज तल्लो भए पनि कर्मलाई सुधार गरेर यसै जीवनमा उच्च अथवा समाजमा पूज्य ब्यक्ति बन्न सक्छ। पुरातन प्राचीन युगमा प्रचलित यस शुद्ध सर्वहितकारी सद्धर्मलाई पूर्नजिवित गर्नु थियो सारा समाजलाई पुन:उद्धार गर्नु थियो। उहाँको अपरिमित करुणा पूर्ण चित्तले जीवनभर यही गर्नु भयो।

त्यस समयका कोही कोही ब्राह्मण त्यस पुरातन वर्ण परम्परालाई राम्ररी बुझ्दथे। र समाजमा प्रचलित विकृत परम्परालाई हटाउने प्रयत्न गर्दथे। ऋषि असित देवल त्यस समयका अत्यन्त प्रसिद्ध र पूज्य ब्राह्मण थिए। भगवान बुद्धको पिता शुद्धोदनको पुरोहित पनि थिए। उनी समस्त ब्राह्मण शास्त्रमा पारंगत हुनुका साथै आठौं ध्यानमा पनि पोष्ट थिए। अनेक अभिज्ञान (सिद्धिहरू) प्राप्त ऋषि पनि थिए। एक पटक सात जना ब्राह्मण ऋषिहरूको यसै मिथ्या मान्यतालाई हटाउने उनले प्रयत्न गरेका थिए।

आफ्नो लामो कपाल र दाढी - जुँगा काटेर गेरू वस्त्र ओडि श्रमण जस्तो भेष धारण गरे। खुट्टामा खडाऊँ लगाएर, हातमा सुन र चाँदीको लौरो बोकेर सात ब्राह्मणहरू तपस्या गरिरहेको ठाऊँमा गए। ती ऋषिहरूको आश्रम बाहिर खाडाऊँको आवाज निस्किने गरि हिंडिरहे र ठूल्ठूलो स्वरमा कराए कि "यी ब्राह्मण ऋषिहरू कहाँ गए ?"

सातै ब्राह्मण ऋषिहरू आ-आफ्नो कुटियाबाट बाहिर निस्के र उनको अभद्र ब्यवहारदेखि चूर भएर श्राप दिन थाले कि, "हे ! चाण्डल तँ भष्म होस्, तँ भष्म होस्।"

तर जब जब असित देवललाई श्राप दिए उनी झन् झन् सुदर्शनीय हुन्थ्यो, सुन्दर हुन्थ्यो। यस्तो देखेर ऋषिहरू आश्चर्य भए। उनीहरूले सोचे कि उनीहरूको तपस्या क्षीण भयो, निष्फल भयो। पहिला भए उनीहरूले दिएको श्राप तुरून्त लाग्दथ्यो तर अब उल्टो हुँदैछ। उनीहरूलाई दु:खी देखेर ऋषि असित देवलले भने "तिमीहरूको तप क्षीण भएको होइन, तिमीहरूको मनमा

रहेको द्वेष हटाऊ र मैले भनेको कुरा सुन।" उनीहरूले आफ्नो द्वेषलाई कम गरे र ऋषिको परिचय सोधे। उनको परिचय जानेर उनलाई श्रद्धापूर्वक अभिवादन गरे।

ब्रह्मर्षि असित देवलले सोधे– "के तिमीहरूको मनमा ब्राह्मण सबभन्दा श्रेष्ठ छ किनकि ऊ सुजात हुन्छ, र सात पुस्टासम्म जातिवादको नियम अनुसार उनीहरूमा शुद्ध रगत छ भन्ने थानेका छौ ?"

उनीहरूले स्वीकार गरे कि हाम्रो यही मान्यता छ। ब्रह्मर्षिले सोधे कि "तिमीहरू यकिन पूर्वक भन्न सक्छौ कि आमा बुबाका सात पीढीसम्मका सबैले ब्राह्मणसंग नै सहवास गरेका थिए, अब्राह्मणसंग गरेको थिएन ?"

- "यो त यकिन छैन।"

- "त्यसो भए यो भन कि तिम्रा आमा तथा बजैहरूले जब गर्भाधान गर्दा जन्म लिनको लागि पेटमा आउने प्राणी के त्यो पूर्व जन्ममा पनि ब्राह्मण नै थियो, अब्राह्मण थिएन ?"

- "ब्रह्मर्षि ! यो त हामीलाई थाहा छैन।"

- "त तिमी स्वयं को हौ ? ब्राह्मण या अब्राह्मण ? साँच्चै नै हामी वास्तवमा को हौं भन्न नसकिने रहेछ भन्ने उनीहरूले महसुस गरे। यसरी बुद्धि लगाएर ब्रह्मर्षि असित देवलले ती सात ऋषिहरूको जातिय अभिमान तोडे।

अशुद्धि केवल ब्राह्मणहरूमा मात्र थिएन। सबैतिर फैलिएको थियो। अशुद्धिको अर्थ चित्त विकार युक्त हुनु हो। शुद्धिको अर्थ चित्त विकारमुक्त हुनु हो। चित्तमा विकार त सबैमा थियो अशुद्धि सर्व ब्यापी थियो र यो अशुद्धि कहिले देखि शुरू भएको थाहा छैन। तृष्णाको बन्धनमा बाँधिएर यस भव संसारमा मानिसहरू कहिले देखि दौडिरहेका छन् पत्तो छैन। चित्त धेरै समयदेखि राग र द्वेषले मैलो भइसकेको छ। चित्त मैलो भयो भने प्राणी मैलो हुन्छ। चित्त शुद्ध भयो भने प्राणी विशुद्ध हुन्छ। चित्त शुद्धि नै विकार विमुक्ति हो, विकार विमुक्ति नै भवविमुक्ति हो। मानिसहरूलाई दुःख विमुक्ति गर्न, भवविमुक्ति को विद्या बाँड्नका लागि नै भगवान् सम्यक सम्बुद्ध बनेको थियो। उहाँले कसै माथि कहाँ पक्षपात गर्नु हुन्छ ? हुनत समस्त जनसंख्यामा ब्राह्मणहरूको संख्या कम थियो र पनि यो समूह समाजमा अग्र थियो, किनकि यस वर्गका अधिक संख्या शिक्षित थिए। समाज को यो वर्ग सानो तर अत्यंन्त बुद्धिशाली थियो। भगवान् बुद्धको शिक्षा न्यायसंगत, बुद्धिसंगत र युक्तिसंगत थियो। अतः अधिक भन्दा अधिक बुद्धिमान व्यक्तिहरू भगवानको सम्पर्कमा आए। कतिपय मानिसहरू भगवान्संग तर्क गर्न आउँथे, उनको विरोध गर्न आउँथे। तर भगवान बुद्धको कुरा तर्कसंगत कल्याणकारिणी लाग्थ्यो र उनको शिक्षा स्वीकार गरेर आफ्नो चित्त विशुद्धि गर्ने कार्य गर्दथ्यो। भगवान बुद्धले त संधै अरुको कल्याणको लागि, अन्यको चित्त विशुद्धिको लागि नै उपदेश दिनु हुन्थ्यो। उहाँको शिक्षा कुनै एक वर्णको लागि, एक जाति अथवा एक गोत्रको लागि मात्र थिएन। उनको शिक्षा चारै वर्णका व्यक्तिहरूको विशुद्धिको लागि उपयुक्त थियो। त्यसैले उनको शिक्षालाई चातुवर्णी विशुद्धि पनि भनिन्छ।

वास्तवमा समाजको वर्ण व्यवस्था दूषित भएको थियो। अधार्मिक भएको थियो। अतः त्यस ब्यवस्थालाई धर्ममा आधारित गर्नु थियो, लोक कल्याणको लागि विशुद्ध गर्नु थियो। पुरानो परम्परा अनुसार विशुद्ध चित्त भएको ब्यक्तिलाई ब्राह्मण भनिन्थ्यो। अशुद्ध चित्त भएको ब्यक्तिलाई नै शुद्र भनिन्थ्यो। यो आदर्श परम्परा धर्ममा आधारित थियो। अतः अत्यन्त कल्याणकारिणी थियो तर जब यसमा जातिवाद जन्मवादले प्रवेश गऱ्यो तब यो व्यक्ति-व्यक्तिको लागि र समाज-समाजको लागि हानिकारक हुन गयो। अतः बुद्ध यस बिग्रेको वर्ण ब्यवस्थालाई सुधार गर्नुमा प्रयत्नरत् हुनुहुन्थ्यो। समाजका सबै ब्यक्ति शील, समाधि र प्रज्ञामा आकर्षित होउन् र त्यस मार्गमा अघि बढेर आफ्नो कल्याण गरून् भन्ने चाहनुहुन्थ्यो।

गौतम बुद्धको यस विशुद्धि मार्गलाई कोही पनि समझदार ब्यक्तिले विरोध गर्न सक्दैनथ्यो। उनीहरूले त धर्मलाई तुरुन्त अपनाउँथे। तर जातिवादको मैलोले जो ग्रस्त थिए उनीहरूले त आफ्नो अहमभावलाई पोष्ट गरिराखेका थिए। भगवानको यस विशुद्धिकरणको अभियानले उनीहरू रन्ठनिएका थिए। उनीहरूको मनमा भूईंचालो आइरहेको थियो। तर भगवान बुद्धको कथन तर्क संगत थियो। उनीहरू इच्छा गरेर पनि भगवान बुद्धसँग तर्क गर्न सक्दैन थिए। जहाँ शुद्ध धर्मको कुरा हुन्छ त्यहाँ के को विवाद गर्ने ? जस्ले आँट गरेर भगवानसँग विवाद गर्न जान्थे उनीहरू शुद्ध धर्म पाएर आफू मुक्त हुने अवसर पाउँथे। आफूलाई शुद्ध गर्ने अवसर पाउँथे।

***(साभार : त्रिपिटकमें सम्यक सम्बुद्ध- भाग-१)***
***{विपश्यनास; २०५८ पौष, वर्ष-१८; अङ्क-९}***

# धम्मपद-१५६

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**पूजा रहे पूजयतो - बुद्धे यदि व सावके**
**पपञ्चसमतिक्कन्ते - तिण्ण सोक परिद्दवे**
**ते तादिसे पूजयन्तो - निब्बुते अकुतो भये**
**न सक्का पुञ्ञं सङखातु - इमेत्तमिति केनचि**

अर्थ- सांसारिक प्रपञ्चबाट छुटी सकेका, शोक, भय जति हटी सकेका पूजनीय बुद्ध अथवा श्रावकहरूको पूजा गर। त्यस्ता गुणी, निर्वाण- पद प्राप्त गरी सकेका, कुनैमा पनि भय नभएका पूजनीय पुरुषका पूजा गर्नाको पुण्य फल यति उति भनेर हिसाब गर्न सकिन्न।

घटना-

उपरोक्त गाथा भगवान बुद्धले श्रावस्ती नगरबाट वाराणसीतिर जानु भएको बेला बाटोमा भेटेका कुनै ब्राह्मणको कारणमा भन्नु भएको थियो।

एक दिन भगवान बुद्ध थुप्रै भिक्षुहरूलाई साथमा लिएर श्रावस्तीबाट वाराणशीतिर जानु भएको थियो। बाटो हुदै उहाँहरू तोदेय्य भन्ने गाउँमा कुनै एउटा चैत्यस्थान भएको ठाउँमा पुग्नु भयो। त्यहाँ एक ठाउँमा बसेपछि आनन्दलाई त्यहाँ नजिकै खेतमा काम गरी राखेका एक ब्राह्मणलाई बोलाएर ल्याउनु भनेर काम अह्राउनु भयो। त्यहाँ काम गरीराखेका ब्राह्मण बुद्ध भएको ठाउँमा आई पुगेपछि बुद्धलाई वन्दना नगरीकन चैत्यतिर वन्दना गरी उभिएर बस्यो। बुद्धले सोध्नु भयो- "हे ब्राह्मण तिमीले के कारणले यो चैत्यमाथि श्रद्धा राखेर वन्दना गर्छौ ?"

ब्राह्मणले भन्यो- "यो चैत्य हाम्रो कुल परम्परादेखि पूजा गरिएको चैत्य भएकोले मैले यस चैत्यमा श्रद्धा राखी पूजा गर्ने गर्छु।" बुद्धले भन्नुभयो- "यस चैत्यस्थानलाई पूजा गरेर तिमीले राम्रै गर्‍यौ।"

भगवान बुद्धले किन यो चैत्यको पूजामा विशेष प्रशंसा गर्नु भएको होला भन्ने मनमा लागेर त्यहाँ उपस्थित भिक्षुहरूले यसको कारण बुद्धसँग सोधे।

बुद्धले भिक्षुहरू र साथै त्यहाँ जम्मा भएका मानिसहरूलाई पनि इंगित गरेर भन्नुभयो- "हे ब्राह्मण! यस प्रकार पूजा गर्न योग्य ठाउँमा पूजा गर्नु उचित छ।" यसै सन्दर्भमा बुद्धले 'घटीकार सूत्र' को नाउँमा उपदेश दिनु भयो जुन सूत्र 'मज्झिम निकाय' मा उल्लेखित छ। बुद्धले चैत्य तीन किसिमको हुन्छ भनेर पनि वर्णन गर्नु भयो जस्तै शरीर चैत्य, उद्देश्य चैत्य र पारिभोग चैत्य। यस प्रकार धर्म देशना गरी बुद्धले उपरोक्त गाथा भन्नुभयो।

धर्म देशनाको अन्तमा उक्त ब्राह्मणले स्रोतापत्ति मार्गफल प्राप्त गर्‍यो।

## "आफू" लाई चिनौं

✍ *चित्ररत्न शाक्य*

निर्वाणमा 'आफू' नै हराउँछ भनेर, निर्वाण चाहँदिन नभनौं।
निर्वाणमा नरहने यो 'आफू', कस्तो हो राम्ररी चिनौं॥
भोकालाई टुलु टुलु हेराई, कोची कोची खान्छ यो 'आफू'।
भित्र छटपटी भएपनि, सुखी छु भनी ढाँट्छ यो 'आफू'॥
अरूलाई सधैं नीचा देख्छ, उँचो छु भन्छ 'आफू'।
घमण्डले सभाविच आफ्नै, मान मर्दन गर्छ यो 'आफू'॥
चोरी गर्न उक्साउँछ, दुस्साहसी बनाउँछ यो 'आफू'।
उल्टै पोल खोलेर, दण्ड दिन्छ यो 'आफू'॥
महत्वाकांक्षा जगाई, हिंसा युद्ध रच्छ यो 'आफू'।
अरु दुःखमा छटपटिंदा, रमाउने गर्छ यो 'आफू'॥
आधा पेट खाई, भोकालाई खुवाई हेरौं।
कस्तो दिव्य सुख मिल्छ, अनुभव गरौं॥
अनि सोचौं 'आफू' लाई, मिटाउनु हितकर होइन र ?
त्यस्तो 'आफू' मा आसक्त, रहनु मूर्खता होइन र ?

धर्मकीर्ति पत्रिकाको विशेष सदस्य
क्र.सं. ३८५
**श्री लाल बहादुर तुलाधर**
धरान
रु. १०००/-

# श्रामणेर भएको अनुभव

✍ सिम्रिकमान तुलाधर
*किसि ध्वाका*

यो संस्कार हो। २० वर्ष मुनिका केटाकेटीहरूलाई अल्पकालिन भन्ते (श्रामणेर), गुरुमाँ (अनगारिका) र ऋषिणी बनाउने। पहिलो पल्ट सुन्दा म अचम्म परें। मैले कुनै अरु विचार नगरी, श्रामणेर बन्छु भनें। अहिले म सोच्छु त्यती बेला मैले कसरी भन्न सकें ?

पौष १३ गते 28 December 2002 का दिन धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धराडोलमा श्रामणेर प्रव्रज्या बन्न हामी गयौं। भिक्षु अश्वघोष महास्थविर द्वारा पालि वाक्य उच्चारण गराई श्रामणेर बनाइयो। श्रामणेर, गुरुमाँ र ऋषिणी बन्दाको धेरै नियमहरू छन्। साँच्चै भनौं भने कुनै पनि विद्या हासिल गर्न त्याग र तपस्याको आवश्यक हुँदोरहेछ। स्कूलमा विद्याको लागि जाने भने, विहारमा बुद्ध शिक्षा ज्ञानका लागि। त्यसै क्रममा म पनि श्रामणेर बनेर केहि सिक्छु भन्ने उद्देश्यले गएको थिएँ।

हरेक दिन विहान र साँझमा प्रवचनको कार्यक्रम थियो। प्रवचनका लागि कहिले कुसुम गुरुमाँ, इन्द्रावती गुरुमाँ भने, कहिले डा. सुमन कमल तुलाधरले ज्ञानवर्धक शिक्षा दिनु हुन्थ्यो। शिविरको दौरानमा आनन्द भन्ते, अश्वघोष भन्ते, भद्दिय भन्ते, र बोधीज्ञान भन्तेहरूले पनि कसैले श्रामणेर विनय र कथाको माध्यामले धर्मोपदेश दिनु आएका थिए। मलाई लाग्छ मैले विहारमा धेरै ज्ञानगुणका कुराहरू सिकें र अनुभव पनि गरें। अनुशासन र नियमहरू स्कूलमा पनि थियो र पालना पनि गरियो। तर, विहारमा पनि सामान्य अनुशासन लागू हुन्छन् तर नियम बेग्लै छ। त्यसमा पनि श्रामणेरहरूको नियम थुप्रै छन्। विहारमा बस्दा उपासक-उपासिकाहरू जति पनि आए, उहाँहरूको अनुहारमा मुस्कान र मनमा श्रद्धालु भावना भएको देखें। उहाँहरू विहान देखि रातसम्म हितचित्त भई हाम्रो सेवा गर्नु हुन्थ्यो। जति पनि आए आफूले सक्दो सहयोग गर्नु हुन्थ्यो।

अहिले मलाई अनुभव भयो, मैले बुद्धपूजा गर्दा पढ्ने त्रीरत्न गुण स्मरण गरे छु भनेर। जन्मि सके पछि नजानि, थाहा नपाइकन बुद्धको सरणमा आएँ। हजुर आमा (अजी) आमा बुबा सँग विहारमा आउँथें। विहारमा आए पछि केही धर्मको बारे पनि थाहा पाएँ। धर्मको सरणमा पनि गएँ तर संघको सरणमा गएको थिएन। अब अहिले श्रामणेर बने पछि संघको सरणमा पनि गएर आएँ। यसै गरी अरू अनुशासन र शील पालन गर्ने कोसिस गर्ने छु।

यहाँ हामीलाई जे जति सिकायो र मैले सिकें, यदि म नआएको भए, त्यति पनि सिक्न पाउँदैन होला। आशा छ, आउँदो दिनहरूमा पनि विहारले फेरि यस्तो कार्यक्रम संचालन गर्ने छ र फेरि आउन मौका पाऔं।

## सत्यताय् च्वने

✍ लक्ष्मी हीरा तुलाधर

सत्यताय् च्वने फत धासा दुष्टता दै हे मखु।
नित्य मैत्री यात धासा राग द्वेष गुवलें वै हे मखु।
धर्म धैगु थुईके फतसा पाप सुनानं याई हे मखु।
विवेक न्ह्याथासं दयके फतसा वैरी गुवलें दै हे मखु।

थ:त स्या: थे कत: यातनं स्याई धका सीइके फ:सा
अन्याय, अत्याचार, विद्रोह गनं नं धात्थे धात्थे जुइ हे मखु

धैर्य, धिरज, होस, न्ह्यावले, तया च्वने फत धासा
अशान्ति धैगु गुवले गुथासं माला स्वसाँ दै हे मखु

करुणा, सेवा, दुखीया उपरे, याना च्वने फत धासा
मानव धर्म थूम्ह ब्यक्ती, वहे ख: धात्थें माला सोसा

निर्मल शुद्ध स्वच्छ मन, शील स्वभाव बांलासा
आदर्श मय जीवन प्राप्ती, न्हयाबलें न्हयाबलें जुया हे च्वनी

# मानसिक रोगको उपचार

✍ भिक्षु अश्वघोष

बुद्धको अनुभव र भनाईअनुसार मन नै मुख्य कुरा हो । किनकि जुनसुकै अवस्थामा वा कुरा पहिले मनमा उत्पन्न हुन्छ । मन शुद्ध भई चिन्ताबाट मुक्त भएमा निरोगी जीवन बिताउन सकिन्छ । संसारमा जति पनि रोगहरू छन्, तीमध्ये ९० प्रतिशत रोगहरू मनबाट हुने कुरा वर्तमान बैद्य (डाक्टर) हरूले स्वीकार गरेका छन् । विशेष रूपले रक्तचाप र मधुमेह जस्ता रोगहरू मनको पीरबाट नै हुन्छन् ।

सारीरिक रोगलाई निकोपार्न औषधि छ तर मानसिक रोगको लागि औषधि छैन । मानसिक रोगलाई निको पार्न सक्ने एउटै कुरा मनले नै हो । एकजना यूरोपीय महाशयलाई पेटको रोगले सतायो । र उनले धेरै डाक्टरहरूबाट जाँच गराए । डाक्टरहरूको कुराले सन्तोष नभई अरू वैद्यकहाँ पनि गए । एकजना डाक्टरले उनको रोगलाई चिनेर "औषधि" दिए । त्यो एकैमात्र औषधिले उनको रोग निको भयो । त्यो औषधि अरू केही नभएर अलिकति रङ्ग मिसाएको चिसो पानी मात्र थियो । उनको रोग मानसिक रोग थियो । अर्थात् मनले नै जन्माएको रोग थियो । मनले नै विचार गरेर मनको रोग निको पारिदिए ।

जोन रोक फेलर अमेरिकाका विश्वप्रशिद्ध एक धनी महाजन हुन् । उनको एक दिनको आम्दानी पाँचलाख हुन्छ । यति विशाल धन भएका धनीको मन बिग्रेकोले उनीमाथि विपत्ति आइपऱ्यो । उनले एकदिन धेरै मालसामन राखेर एउटा जहाज सामुद्रिक मार्गबाट विदेशमा पठाए ।

त्यो जहाज समुद्रको बीचमा पुग्नासाथ ठूलो तूफानमा फस्यो । जहाजलाई भने केही नोक्सान भएको थिएन । जहाजलाई क्षति भयो कि भनी उनी चिन्ताग्रस्त भए । आत्तिन लागे । त्यही चिन्ता र पीरले उनलाई एक अपूर्व रोगले सतायो । खान मन लागेन । निद्रा लागने । उनको टाउको सम्पूर्ण पाकेर झर्न थाल्यो । अनि उनले घोषणा गरे- "यदि कुनै बैद्यले मेरो घरमा काम गर्ने नोकरले खाने खानाको आधाजति पनि खाने रूचि बढाउनसक्यो भने मेरो सारा सम्पत्तिको आधा भाग उसैलाई दिनेछु ।"

त्यसताका रोक फेलर महाशय ५३ वर्षका थिए । भाग्यवश उसकहाँ एकजना अनुभवी मनोवैज्ञानिक बैद्य आइपुगे । बैद्यले उनको रोग शारीरिक नभई मानसिक भएको थाहापाई उचित उपदेश दिए । उपदेशअनुरूपको आचरण गरी ५३ वर्षमा मर्न लागेको मान्छेको आयु बढेर ९८ वर्षसम्म पुग्यो । ती अनुभवी मनोवैज्ञानिक डाक्टरले दिएको अर्ति के थियो ? त्यो जान्नलायक छ ।

**अतीतं नानुसोचन्ति - नप्प जप्पन्ति अनागतं ।**
**पच्चुप्पन्नेन यापेन्ति - तेन वण्णो पसीदति ।**

अर्थ- बितिसकेको कुरामा शोक नगर्नु । भविष्यको लागि आशा नगर्नु । वर्तमान अवस्थामा सन्तुष्ट भई प्रशन्नतापूर्वक जीवित हुनु उत्तम छ, अनि सुख पाउँछ । स्मरण रहोस्, यो बुद्ध वचन हो ।

हामी सबै प्रशन्न भई जीवित हुन चाहन्छौं । तर चाहेबमोजिम सुख पाईदैन । त्यसका मुख्य कारण दुईटा छन्– (क) अतीतबारे शोक गर्नु (ख) भविष्यको बारे चिन्ता गर्नु ।

कुनै कुनै व्यक्ति अतीतको चिन्ता र शोक गर्छन् त अरू भविष्यको बारेमा प्रार्थना गर्दै समय बिताउँछन् । तर वर्तमान अवस्थालाई बुझने थोरै मात्र छन् । बुद्धको भनाईअनुसार, वर्तमान अवस्थालाई बुझेर राम्रो पार्नुमै जाति छ, बेश हुन्छ ।

हामी सबैबाट गल्ती हुनसक्छ । त्यो भइसकेको गल्तीमा पश्चात्ताप गर्नु त्यसको सही उपचार होइन । सन्तापले हाम्रो अमूल्य समय बर्वाद मात्र हुनजान्छ । त्यति मात्र नभई चित्तलाई पीडा र कष्ट पनि पुऱ्याउँछ । गर्नुपर्ने उपाय त फेरि त्यस्तो खालको गल्ती नहोदऱ्याउनु नै हो ।

भविष्यको बारेमा आशा गर्नु त्यति हानीकारक नभए तापनि त्यसैको भरोशामा बस्नु व्यर्थ हो । भविष्यको विश्वास लिन सकिदैन । वर्तमान अवस्थामा राम्रो भएको र उत्साही रहेको खण्डमा उज्ज्वल भविष्य अवश्यम्भावी छ ।

वर्तमानप्रति भने हामीले अवश्य विश्वास लिनसक्छौं । आफ्नो हातमा भएको अवस्था यही वर्तमान नै हो । अत: वर्तमान अवस्थामा राम्रोसंग जीवन बिताउन सके अतीत पनि राम्रो हुन्छ, किनकि वर्तमान अवस्थामा

नै भोलि-पर्सि अतीत हुनजान्छ । त्यस्तै वर्तमान राम्रो भयोभने भविष्य पनि अवश्य राम्रो हुन्छ, किनकि भविष्यको कारण वर्तमान नै हो । कुनै कारणवश वर्तमान खराब भयो भने अतीत र भविष्य दुवैको अवस्था नराम्रो हुनेछ ।

पश्चाताप र महत्वाकांक्षाले चित्तलाई पीडा हुन्छ । वैद्यहरूको विश्वासअनुसार यस्तो किसिमको चिन्ता र पीर नै मानसिक रोगको कारण हो । चित्त खराब भयो भने त्यसबाट शरीरको रगत खराब हुन्छ । अनि अपवित्र रक्तबाट सारा शरीर विषमय बन्छ । यसरी विषको फैलावटबाट निरोगी पनि रोगको शिकार हुनजान्छ । रोगीको अवस्था त झन खराव हुनजान्छ ।

बिरामीलाई जति औषधिको खाँचो छ, त्यति नै चित्तलाई प्रीति र आनन्द पनि आवश्यक छ । चित्त प्रशन्न भएमा शरीरको रगत पनि शुद्ध हुन्छ । अनि मुखमा तेज आउँछ । फलस्वरूप शरीरबाट रोग भागेर जान्छ ।

बर्माको एउटा अर्को घटना प्रस्तुत गर्छु । अतीतका बर्माका बौद्ध राजालाई एउटा असैह्य रोगले सतायो । बैद्यहरूले आशा छाडिदिए । धार्मिक विश्वासअनुसार अन्तिम अवस्थामा भिक्षुहरूलाई निमन्त्रणा दिएर परित्राण पाठ गर्नका निमित्त अनुरोध गरे । परित्राण सूत्र पाठपछि एकजना महास्थविर भिक्षुले केही शब्द भन्नुभयो, "महाराज ! धेरै चिन्ता र काममा ब्यस्त हुनुभएका तपाईलाई आराम लिने मौका मिलेको छ । यो अनित्य संसार हो । वर्तमान समयलाई सदुपयोग गर्नुहोला । राज्यको बारेमा चिन्ता नगर्नु होला । दरबारको पनि चिन्ता नलिनु होला । त्रिरत्नको गुण स्मरण र मैत्री करूणापूर्वक समय बिताउनु होला । प्रसन्न भई बस्नु होला ।" राजाले त्यसै अनुसार समयलाई सदुपयोग गरी काम गरे । आश्चर्य के भने राजाको अनुहारमा प्रकाशमय र उज्यालो हुन थाल्यो । राजाको हँसिलो मुख देखेर बैद्यहरूले फेरि औषधि दिन थाले । केही दिनभित्र राजाले पूर्ण स्वास्थ्य लाभ गरे । यी घटनाहरूबाट यही स्पष्ट हुन आउँछ कि बिरामीहरू सधैं प्रशन्न मुद्रामा बस्नु लाभदायक छ । यस्तै स्वास्थ्य लाभार्थ काम लाग्ने केही घटनात्मक कुराहरू प्रस्तुत गर्नु उपयोगी होला भन्ने ठान्दछु ।

श्रीलंकामा एउटा अमूल्य उक्तिको प्रचलन छ, "नरिसाउनु, रिसायो भने छिट्टै बुढो हुन्छ ।" कुनै व्यक्तिलाई रिस उठ्यो भने उसको शरीरको गतिविधि नै बदलिन्छ । आँखा रातो हुन्छ । मुख कालो हुन्छ । शरीर काम्न थाल्छ । यसको कारण चित्त र शरीरको रगतको बीच धेरै सम्बन्ध छ । रिस आउनासाथै चित्त कलुषित हुन्छ, रगत अपवित्र हुन्छ । अनि सारा अङ्ग-प्रत्यङ्गसमेत खराब पारी शरीर रोगको घर बन्न पुग्छ ।

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

| | |
|---|---|
| - स्व. पूर्ण चन्द्र शाक्यको पुण्यस्मृतिमा श्री जुजुकाजी शाक्य, बनेपा द्वारा | रु. २५००।- |
| - १ महीनाको बिजुलिको लागि गुप्तदान | रु. ८००।- |
| - दिवंगत छोराको पुण्यस्मृतिमा श्री तीर्थ देव बद्री कुमारी मानन्धर | रु. २००।- |
| - स्व. बा.माँ को पुण्य स्मृतिमा सुश्री पद्मा बज्राचार्य ठहिटी क्वा बाहा | रु. ३००५।- |
| - मैयानानी वज्राचार्य ठहिटी क्वा बाहा | रु. ५०५।- |
| - महेन्द्र रत्न वज्राचार्य पानी पोखरी | रु. ५०५।- |
| - स्व. हिरावज्रको पुण्यस्मृतिमा तेज वज्र वज्राचार्य | रु. १००५।- |
| - देवेन्द्र विलास वज्राचार्य कलंकी | रु. ५०५।- |
| - शान्ति वज्र वज्राचार्य पानी पोखरी | रु. ५०५।- |
| - सरला वज्राचार्य ठहिटी क्वा बहा | रु. १०५।- |
| - ज्ञानशोभा वज्राचार्य विशाल बजार | रु. ५५१।- |
| - अरुण श्रेष्ठ क्वा बाहा | रु. १०५।- |

- सिद्धिबहादुर खड्गी ल.पु. एक दिनको भोजन
- मदनरत्न तुलाधर बालिका ११ जनालाई कपडा को जुत्ता प्रदान ।
- चेतनदेवी रञ्जित महाराजगञ्जले भिक्षु अश्वघोषलाई समेत १३ वटा स्वीटर प्रदान
- मेत्ता सेन्टर (ध्यान कुटी बाल आश्रम सबै प्रति कृतज्ञता प्रकट गर्दछ ।)

# असल मित्र

✍ भिक्षु संघरक्षित, संघाराम

एउटा जंगल थियो । त्यस जंगलमा एउटा पोखरी थियो । पोखरीको छेउछाउमा मृग, कछुवा र काग गरेर तीनजना साथीहरू पनि बस्दथे । उनीहरू मिलेर, एक आपसमा सहयोग गरेर बसिराखेका थिए ।

एकदिन एकजना शिकारी शिकार खोज्दै त्यहाँ आइपुग्यो । उसले पोखरीको छेउछाउमा मृग हिंडेको छाप देख्यो । उसले त्यहाँ सिक्रिजस्तो बलियो छालाको पासो थापेर गयो । साँझपख पानी खान भनी मृग पोखरीमा आयो । उसको खुट्टा पासोमा पऱ्यो । उसले फुत्किन बल गऱ्यो तर पासो झन कस्सिदै गयो । ऊ चिच्याउन थाल्यो । मृगको चिच्याई सुनेर रुखमा बसिराखेको काग र पोखरीमा बसिराखेको कछुवा त्यहाँ आए । उनीहरूले त्यहाँ आफ्नो मित्र मृगको खुट्टा पासोमा परिरहेको देख्यो । उनीहरूले अब के गर्ने ?" भन्ने सल्लाह र विचार गर्यो । तब कागले कछुवालाई भन्यो- "हे मित्र ! तिमी सँग दाँत छ । तिमीले यो पासोलाई टोकेर छिनाइदेऊ । उता शिकारीलाई यता नआउने केही उपाय म गरुँला ।"

कछुवाले भन्यो- "हे मित्र ! म दाँतले पासो छिनाउन तयार छु । तिमी पनि आफ्नो काम गर । यसरी हाम्रो सहायताले हाम्रा मित्र मृगको ज्यान बच्नेछ ।" कछुवाले पासो काट्न थाल्यो । कागचाहिं = शिकारी बस्ने गाउँमा गयो । अनि एउटा रूखमा बसिराख्यो । विहान सबेरै शिकारीले हातमा धनुष र वाण बोकेर घरबाट निस्क्यो । यो देखेर कागले पखेटा फट्फटाउदै र कराउँदै शिकारीको मुखमा हानेर गयो । शिकारी भने अलच्छिण कागले हानेर गयो, अलच्छिन भयो' भनी घरमा फर्क्यो र एकछिन सुत्यो । एक घण्टा जति पछि शिकारी फेरि शिकारमा जान तयार भयो । उसले विचार गऱ्यो - "अघि अगाडिको ढोकाबाट जाँदा अलच्छिण भयो । त्यसैले अब पछाडिको ढोकाबाट जानेछु ।" ऊ पछाडिको ढोकाबाट निस्क्यो । यसपालि पनि कागले उसलाई देख्यो र अघिजस्तै गरेर हानेर गयो । यसपटक पनि शिकारी 'अलच्छिण भयो' भनी घर मै फर्क्यो । अब त उज्यालै भयो । शिकारी तयार भएर घरबाट निस्क्यो । यो देखेर कागले छिट्टै उडेर साथीहरूलाई खबर पुऱ्यायो- "हे साथीहरू ! शिकारी तयार भएर यतैतिर आउँदै छ ।"

यसबेलासम्म कछुवाले पासोको एउटामात्र डोरी बाँकी रहने गरी सबै काटिसकेको थियो । ऊ आफ्नो मित्रको ज्यान बचाउन प्रयत्नशील थियो । उताबाट शिकारी वायुवेगले आइराखेको सबैले देखे । मृगले बाँकी भएको एउटा डोरीनै बलले चुँडाल्यो र जंगलतिर भाग्यो । काग रुखमाथि बस्यो । बिचरा कछुवालाई भाग्ने ठाउँ कतै पाएन । ऊ त्यहीं नचलिकन बसिरह्यो ।

शिकारी त्यहाँ आइपुग्यो । उसले केही नपाएर कछुवालाई भए पनि झोलाभित्र हाल्यो । उता भागिरहेको मृगले फर्केर हेर्दा त्यो दृश्य देख्यो । अनि उसले विचार गऱ्यो- "मलाई बचाउनको लागि मित्र कछुवाले आफ्नो ज्यान जोखिममा हाल्यो । यस्तो समयमा म सुटुक्क भाग्नु राम्रो होइन । म मित्र कछुवाको ज्यान बचाएरै मात्र भाग्ने छु ।"

यस्तो निश्चय गरेर मृगले भाग्न छोड्यो । ऊ बल नभएको जस्तो गरी ढलमलाउन थाल्यो । ऊ त्यहीं लड्यो । अनि घाइते जस्तो गरी बिस्तारै घिस्रेर अघि जान लाग्यो । मृगको यो चाला शिकारीले देख्यो । अब त मृगमा भाग्ने 'शक्ति छैन होला' भन्ने सोचेर शिकारीले कछुवा भएको झोला नजिकको रूखमा झुण्ड्यायो र धनुषवाण लिएर मृगलाई लखेट्यो । मृग पनि शिकारीले भेट्टाउन पनि नसक्ने र हरेश पनि नखाने गरी भागिरह्यो । यसरी भाग्ने र भगाउने क्रममा उनीहरू जंगलको धेरै भित्र पुग्यो ।

'अब त धेरै टाढा आइसकें' भन्ने जानेर मृग अर्कै बाटोबाट शिकारीलाई छलेर वायुवेगले कुछवा भएको ठाउँमा आइपुग्यो । उसले आफ्नो सिंगद्वारा कुछवालाई झोलाबाट मुक्त गरिदियो । तत्पश्चात कछुवा पोखरीभित्र पस्यो र मृग जंगलभित्र छिऱ्यो । उता शिकारी मृगलाई भेट्टाउन नसकेर निराश भई फर्क्यो । त्यो ठाउँमा आउँदा उसले खालि झोलामात्र भेट्टायो । कछुवा पनि आफ्नो शिकारबाट भागिसकेको थियो । उसलाई धेरै दुःख लाग्यो । त्यो दिन शिकारी रित्तो हात लिएर घर फर्कनु पऱ्यो ।

यसरी मृग, कुछवा र काग एक-आपसमा मिलेर, सहयोग गरेर बस्न थाल्यो । उनीहरूको बाँकी जीवन सुखपूर्वक बित्यो । पछि उनीहरू कर्मानुसार परलोक भएर गयो । *(स्रोत : कुरुंगमृग जातक)*

# श्रमण नारद–२

*लेखकः* श्रीयुक्त नाथुराम प्रेमी
*अनुवादकः* प्रकाश बज्राचार्य

कुशलकर्मको प्रश्न सकेपछि श्रमण नारदले भने,- सेठजी ! तपाईंसँग कर्मफलको कुरो राम्ररी बुझिलिने शक्ति छैन । यो अति गम्भीर र बुझ्न गाह्रो विषय छ । साधारण मानिसहरूले यो कर्मफलको कुरो बुझ्न सक्दैनन् । पछि तपाईंको बुद्धि बिकास भएमा, बुझ्न इच्छा भएमा आफैंले बुझ्न सक्नुहुनेछ । तैपनि अहिलेलाई मेरो यो सानो कुरो एउटा सुन्नुहोस् कि जहिले तपाई अरूलाई दुःख दिने विचार गर्नु हुन्छ, त्यति बेला आफैले आफूलाई एकपल्ट अवश्यै प्रश्न गर्नुस् कि यसरी नै कसैले तपाईंलाई दुःख दिए आफूलाई मन पर्छ कि पर्दैन । सुख हुन्छ कि हुँदैन । यो प्रश्नको उत्तरमा यदि कसैले मलाई यसरी दुःख दिएमा मैले सहन सक्दिन भन्ने लागेमा आफूले अरूलाई दुःख दिन मन लागेको बेलामा आफ्नो मनलाई अथक प्रयासले दमन गर्नु बेस होला । फेरि जसरी अरूले तपाईंलाई सेवा गर्दा तपाई खुशी हुनुहुन्छ त्यस्तै तपाईंले पनि अरूलाई केही सेवा पुऱ्याइदिएमा अरू पनि खुशी हुन्छन् । यो कुरामा विश्वास छ भने तपाईंले पनि अरूलाई उपकार र सेवा गर्ने मौका छाड्नु हुँदैन । यो कुरोलाई विश्वास गर्नुस् कि आज हामीले जुन असल बीउ रोप्ने छौं, पछि अवश्यै हामीले त्यसको असल फल खान पाउने छौं ।"

हिराको व्यापारी पाण्डु सेठले भन्यो, "भन्ते ! मलाई अलि विस्तृत रूपले बुझाइदिने कृपा गर्नोस्, अनि मैले तपाईंको उपदेश व्यवहारमा प्रयोग गर्न सकुँला ।"

श्रमणले भने, "त्यसो भए राम्रोसँग सुन्नुस्, म तपाईंलाई कर्मभेदको साँचो दिन्छु । तपाई र मेरो बिचमा एक पर्दा छ । त्यसलाई माया भनिन्छ त्यसैले गरेर मान्छेले पाप के हो देख्न सकेको छैन । तपाईंको आँखा अगाडि पनि यही मायारूपी पर्दा छ । यसैले गरेर तपाईंले देख्न सकेको छैन, बुझ्न सकेको छैन कि तपाईंको मानिस जातिसँग के के सम्बन्ध छ भनेर । साँच्चै भनौं भने यसको सम्बन्ध तपाईंको शरीरका विभिन्न अंगहरूको भन्दा पनि घनिष्ट छ । तपाईंको जीवनको सम्बन्ध अरूको जीवनसँग जति छ त्यतिनै अरूको जीवनको सम्बन्ध तपाईंको जीवनसँग छ । यो सम्बन्ध धेरै बलियो छ । यो सत्यलाई बुझने मानिसहरू यो संसारमा औंलामा गन्न सकिन्छ । यो सत्यलाई बुझिलिनु नै मनुष्य जीवनको कर्तव्य हो । यो सत्य ज्ञान प्राप्त गर्ने केही मन्त्र म भन्छु । यी तपाईंले आफ्नो हृदयमा अङ्कीत गर्नुस्-

१) जसले अरूलाई दुःख दिन्छ उसले आफूले आफैलाई दुःख दिने बीउ रोपेको हुन्छ ।
२) जसले अरूलाई सुख दिन्छ उसले आफ्नो मनमा आफूलाई सुख हुने बीउ रोपेको हुन्छ ।
३) यो एक ठूलो भ्रम हो कि मेरो जाति र नाता कुटुम्बसंग मेरो केही सम्बन्ध छैन ।

यी तीन मन्त्र बुझेर अभ्यास गर्दै लगेमा तपाई सत्यको मार्गमा पुग्नु हुनेछ ।"

पाण्डुले भन्यो, "पूज्य श्रमण महाराज ! तपाईंको वचनको अर्थ धेरै गम्भीर छ बहुमूल्य छ । मैले यी वचनहरू हृदयमा अङ्कित गरिसकें । म बनारस आइराखेको बेला तपाईंलाई केही उपकार गरेको थिएँ, जुनकि एक पैसा पनि खर्च नहुने काम हो, तर आज मलाई त्यसको बदला यत्रो ठूलो लाभ भयो यो देखेर मलाई आश्चर्य लाग्छ । भन्ते ! म तपाई प्रति धेरै कृतज्ञ भएँ, ऋणी भएँ । यदि मेरो त्यो पैसाको थैलो नपाएको भए मैले यहाँ केही पनि व्यापार गर्न नसकिने थियो, न त व्यापारीको तर्फबाट नै मलाई धेरै लाभ हुने थियो । धन्य तपाईंको विवेकबुद्धि र दूरदर्शिता ! यदि तपाईले त्यो असरण किसानलाई सहायता नदिएको भए ऊ यहाँ चाँडै पुग्ने थिएन, अनि मेरो मित्र मल्लिकको इज्जत मात्रै जाने होइन ज्यान पनि गुमाउनु पर्ने थियो । तपाईंले दुःखको इनारमा खस्न लागेकोलाई बचाउनु भयो र साथै मेरो नोकरलाई पनि रक्षा गर्नु भयो । भन्ते जसरी तपाईंले सत्यलाई देख्नु भयो त्यसरी नै यदि सबैले देखेको भए यो संसार कति सुखी हुने थियो होला । कतिपय पापका मार्ग बन्द भएर पुण्यका मार्ग खुल्थे होला । मैले यो निश्चय गरिसकें कि भगवान् बुद्धको दयामयी धर्म प्रचार गर्न हाम्रो कौशाम्बी नगरमा एउटा बिहार बनाइ दिनेछु । अनि त्यसमा तपाई र तपाई जस्ता श्रमण भिक्षुहरू बसेर मानिसहरूलाई सुमार्ग देखाउनुहुनेछ ।"

### { चार }

कौशाम्बीमा हिराको व्यापारी पाण्डुको 'विहार'

बनिसक्यो । त्यहां सयौं विद्वान एवं दयामूर्ति भिक्षुहरू बस्नु भैसक्यो । धेरै वर्ष नबित्दैमा नै त्यो विहारको नाउँ प्रसिद्ध भयो । टाढा टाढादेखि धर्मप्रेमीहरू त्यहाँ उपदेश सुन्नलाई आउन थाले ।

पाण्डु सेठ एक प्रख्यात हिरामोति व्यापारी बन्यो । उसको कीर्ति प्रशंसा टाढा टाढासम्म फैलियो ।

कौशाम्बीकोसँगै एक राजाको राजधानी रहेछ । राजाले आफ्नो कोषाध्यक्षलाई आज्ञा गरे, "हिरामोतिको व्यापारी पाण्डुलाई एउटा राम्रो असल सुनको श्रीपेच बनाउन लगाऊ जसमा कि थुप्रै अमूल्य हिरामोतिहरू जंडिएका होओस् ।" कोषाध्यक्षले तुरन्तै राजाको आज्ञा पालन गरी पाण्डुलाई श्रीपेच बनाउन लगाए ।

श्रीपेच बन्यो । उक्त श्रीपेचको साथै थुप्रै अरू पनि हिरामोति र सुनचाँदीका गहनाहरू बोकेर पाण्डु राजधानीतिर लागे । आफ्नो सुरक्षाको लागि २०-२५ जना सिपाहीहरू पनि साथै लगे । सिपाहीहरू वीर तथा बहादुर थिए । त्यसैले उनलाई विश्वास थियो कि ऊ विना केही बिघ्नबाधा आफ्नो गन्तव्य स्थानमा पुग्न सकिन्छ भनेर ।

पाण्डु सेठ आफ्ना रक्षकहरू साथै एक जङ्गलबाट गइरहेको बेलामा दुईटा पर्वतको बीचबाट ५०-६० जना शस्त्र अस्त्र बोकेका मान्छेहरूको एक बथान आएर उनीहरूलाई लुट्न आए । सिपाहीहरूले बहादुरपूर्वक सामना गरे तर केही सीप लागेन । डांकाहरू सामान जम्मै लुटेर भागे ।

यसरी लुटाउनु परेकोले पाण्डुको व्यापार धेरै बिग्रयो । श्रीपेचको साथै अरू पनि गहनाहरू राजधानीमा बेच्न सकिन्छ भन्ने उसले आशा गरेको थियो । त्यसैले उसले आफ्नो सर्वस्व लगाएर विभिन्न किसिमका हिरामोतिका गहनाहरू बनाउन लगाएको थियो । तर अफसोच ! सर्वस्व नै डाँकाले लुटेकोले आफू मगन्ते भएर बस्नु पऱ्यो ।

पाण्डुको मनमा ठूलो चोट पऱ्यो; तर उसले 'यो मेरो पूर्वकर्मको फल हो' भनी सोचेर चूप लागेर बसिराख्यो । आफू जवान र बलियो छँदाखेरि मैले धनको बलले अरूलाई धेरै कष्ट दिइसकें । अब मैले यो कुरो सजिलैसँग थाहा पाएँ कि जुन बीउ मैले रोपेको थिएँ त्यसैको फल मैले पाएँ । अनि पाण्डु सेठको हृदयमा दयाको मूल फुटेर आयो । दुःख कसरी हुन्छ भन्ने उसले बुझ्यो । यसले गरेर सकल प्राणी उपर दया राख्ने भावनाको प्रवृद्धि भयो । उसको मन पूर्व कर्मको पश्चातापले दिनहुँ पवित्र उज्ज्वल हुँदै आयो ।

अब पाण्डुलाई आफ्नो निर्धनतावारे अलिकति पनि दुःख थिएन । उसलाई यही मात्रै पीर थियो कि कसरी परोपकार गर्न सकिन्छ र कहिले श्रमणहरू बोलाएर उहाँहरूबाट धर्म प्रचार गराउन सकिन्छ ।

## { पाँच }

कौशाम्बी नगरकोसँगै रहेको त्यही जङ्गलमा जुनमा कि पाण्डु सेठ लुटिएको थियो एक जना बौद्ध भिक्षु जाँदै थियो । ऊ आफ्नै तालमा हिंड्दै थियो । ऊसँग एउटा भिक्षापात्र र एउटा पोको बाहेक अरू केही थिएन । त्यो पोकोमा हस्तलिखित पुस्तकहरू थिए । पुस्तकहरू पोको पारेको कपडा राम्रो र बहुमूल्य थियो । हेर्दाखेरि कुनै श्रद्धालु उपासकले उहाँको उपदेश र पुस्तकको गौरवदेखि प्रभावित भएर कंपडा दान दिएर ल्याएको हुनु पर्दछ । त्यो बहुमूल्य कपडा भिक्षुको लागि विपत्तिको जरो बन्यो । टाढैबाट देखेर डाँकाहरू भिक्षुमाथि जाइलागे । पोकोमा बहुमूल्य वस्तु हुनु पर्दछ भनेर लुटाहाहरूले सोचेको थियो; तर खोलेर हेर्दा उनीहरूलाई काम नलाग्ने वस्तु पो रहेछ । उनीहरू निराश भएर फर्के । फर्कंदा आफ्नो स्वभाव अनुसार हरेकले भिक्षुलाई एक एक लात दिएर गए ।

कुटिएको वेदनाले गर्दा भिक्षु रातभरि त्यहीं उतानो परिरहे । भोलिपल्ट बिहान बिस्तारै उठेर आफ्नो बाटो लागिरहेको बेला नजीकैको एक झाडीमा तलवार चलाईराखेको र 'अय्या अय्या, कराइराखेको आवाज सुनियो । त्यो क्षिु नडराइकन झाडी नजीक गएर हेर्दा आफूलाई कुटेर दुःख दिएर जाने लुटेराहरूले आफ्नै दलको एकजनालाई प्रहार गरिराखेको देखे । सास्ती खाइरहेको लुटाहा सबभन्दा बलियो उनीहरूकै सरदार जस्तो देखिन्थ्यो । जसरी शिकारी कुकुरहरूले घेरिएको सिंहले रिसाएर उनीहरूलाई झम्टन्छ र नाश गर्न खोज्दछ त्यस्तै नै सरदार चाहिंले अरूलाई प्रहार गरिराख्यो । कसैलाई पछारेर लात्तिले हानिराख्यो । कसैलाई तलवारले हानेर यमलोकतिर पुऱ्याइराख्यो कसैलाई लखेटेर फेरि फर्किराख्यो । यद्यपि उसको शक्ति असाधारण थियो, तर शत्रुहरूको संख्या यति बढि थियो कि उनीहरूको अगाडि त्यो डाकुको सरदार टिक्न

सकेन । उसको शरीरमा २० ठाउँमा जति चोट लागिसकेको थियो । अन्तमा ऊ मूर्दा झैं भुँईमा पछारियो । ऊ जमीनमा ढलिसकेपछि अरू डाँकुहरू त्यहाँबाट गई एक जङ्गलको झाडीमा बेपत्ता भए ।

यस लडाईमा १०-१२ जना डाँकुहरू मरिसकेका थिए । भिक्षु नजीक गएर एक एकजनालाई राम्ररी हेर्दा उनी बहादुर चाहिं बाहेक अरू सबै मरिसकेका रहेछन् । भिक्षुको हृदय पग्ल्यो । मन रोयो । त्यो निरर्थक नरहत्या देखेर धेरै दुःख लाग्यो । अनि त्यो भिक्षुले उक्त मरणासन्नमा पुगेकोलाई बचाउन प्रयत्न गरे । नजीकै पानीको झरना एउटा बगिरहेको थियो । त्यहाँ गएर आफ्नो पात्रभरि पानी ल्याई उसको आँखामा अलि अलि गरेर छर्किदिए । डाँकुले आँखा उघार्‍यो र बक्दै ल्यायो, "कहाँगए ती नमकहरामी कुकुर हरू ! जसलाई मैले सयौंबार आफ्नो ज्यानको दावलगाएर बचाइराखेको थिएँ । यदि म नभएको भए पहिले नै कुनै शिकारीको हातबाट ती कमजोर कुकुरहरूको प्राण गइसक्थ्यो होला । के उनीहरूले आज जम्मै गुण बिर्सिदिएको त ?"

भिक्षुले भने, "मित्र, अब तिमीले ती पापी साथी हरूलाई नसम्झ । यो समय आफ्नो जीवनको बारे चिन्तन गर, आफैले आफूलाई चिनी सुधार हुन खोज । यो पात्रमा अलिकति पानी बाँकि छ, पानी खाऊ अनि तिम्रो घाउमा म औषधी लगाइदिन्छु, हुन्न ? यसले सायद तिम्रो जीवन ज्योति बल्ला कि ?"

डाँकु शक्तिहीन भइसकेको थियो । धेरै कमजोर भइसकेको थियो । उसले बल्ल तल्ल बोल्यो, "हिजो मैले आफ्ना साथीहरूसाथ मिलेर एक जना भिक्षुलाई कुटेको थिएँ । तपाई उही भिक्षुत हुनुहुन्न ? के त तपाईंले मैले गरेको अन्यायको बदला उपकार गरेर दिन लाग्नु भएको त ? तपाईंले यो पानी किन ल्याउनु भएको ? तर अहिले तपाईंको प्रयत्न जम्मै व्यर्थछ । भो मित्र, यो पानीले मेरो प्यास बुझ्न सक्ला, तर म बाच्ने आशा छैन । ती कुकुरहरूले मलाई यति कुटेर गए कि अब म अवश्यै बाच्ने छैन । ती कृताघ्नीहरूले मैले सिकाएको दावपेच आज ममाथि नै चलायो ।"

भिक्षुले भने, 'मानिसहरूले जुन किसिमको बीउ रोप्छ त्यंस्तै फल पाउँछ । यो साँच्चै शतप्रतिसत सत्य कुरो हो । तिमीले साथीहरूलाई लुट्न र मार्न सिकाइ दियौ, त्यसैले आज लुट्ने र मार्ने विद्या तिमीमाथि नै प्रयोग गरे । तिमीले उनीहरूलाई दया माया गर्ने शिक्षा दिएको भए आज उनीहरूले तिमीलाई पनि दया गर्ने थियो होला । माथि फालेको भकुण्डो जसरी फाल्नेमाथि नै फर्केर आउँछ त्यसरी नै अरूलाई गरेको सुकर्म र कुकर्म गर्नेको टाउकोमाथि नै पर्छ ।"

डाँकुले भन्यो, "यो कुरो सत्य हो, यसमा असत्य केही छैन । अब मलाई तपाईंले भन्नु भएको जम्मै कुरा ठीक लाग्न थाल्यो । बुझ्न थाल्यो । आज मेरो जुन दुर्गती भयो त्यो ठीकै भयो । तर भन्ते, मेरो दुःखको अन्त कहिले हुन्छ ? मैले धेरै अन्याय र अत्याचार गरिसकें । ती जम्मै कुकर्मको फल जहिले भएपनि अवश्यै भोग्नु पर्नेछ । कृपा गरेर मलाई कुन यस्तो उपाय भनिदिनुस् जसले गरेर मेरो पापको बोझ हलुङ्गो होओस् । यो पापरूपी बोझले मलाई यतिको थिचिराखेको छ कि सासै फेर्न मुश्किल छ ।"

भिक्षुले भने, "मित्र, उपाय त सजिलो छ । आफ्नो पापको इच्छा र विचारलाई जरैदेखि उखेलेर फालि देऊ । नराम्रो कल्पना नगर । प्राणीमात्रलाई दयाराख्ने अभ्यास गर । आफ्ना दाजु-भाइ र साथीहरूलाई आफ्नो हृदयमा दयामयी घर बनाई देऊ ।"

यति भनिसके पछि भिक्षुले डाकुको घाउमा पानीले धोएर हरियो पातको रस राखिदिए । डाँकु केही बेर शान्त वसी आराम लियो । एकछिन पछि उसले फेरि भन्यो, "भो करूणामय, मैले अहिलेसम्मन् खराब काम मात्रै गरें, कसैलाई हितहुने काम अहिलेसम्मन् गरेको छैन । म आफ्नो खराब इच्छाको जालमा आफै यति नराम्रोसँग अल्झिएँ कि त्यो जालबाट फुत्कन गाह्रो भो । मलाई मेरो कर्मले नै नरकतिर धकेलिराख्यो । अब म मोक्षमार्गमा जान सकुँला भन्ने आशा छैन ।"

भिक्षुले भने, "यसमा कुनै शङ्का छैन कि जस्तो बीउ रोपिन्छ त्यस्तै फल पाइन्छ । आफुले गरेको कर्मको फल अवश्य भोग्नु पर्दछ । त्यसबाट बच्ने कुनै उपाय छैन । तैपनि उत्साह छाड्नु हुदैन । तिम्रो मनमा जति जति दुष्टता कम हुँदै जान्छ त्यति त्यति शरीर सम्बन्धी ममत्व पनि कम हुँदै जान्छ, अनि यसको परिणाम यो हुन्छ कि तिम्रो लोभ चेतना नष्ट भएर जानेछ ।

"ध्यान दिएर सुन । म तिमीलाई बोध हुने एउटा कथा भन्छु । यसबाट थाहा पाउने छौ कि आफ्नो हितको लागि अरूको हित गर्नु पर्छ र अरूको हित भए आफ्नो पनि हति हुनेछ । *क्रमशः*

# महा मञ्जुश्री

प्रस्तुतिः अरनिको समाज

मञ्जुश्री नेपाली जनताका सम्पूर्ण श्रद्धा पाएका आराध्य देवता हुन्। यिनी नेपाल उपत्यका जलमग्न रहेका बेला चीनको वुथाई शान (पञ्चशीर्ष पर्वत) बाट आएका कुरा पौराणिक ग्रन्थहरूमा लेखिएको छ। यिनी चीनबाट आउँदा दोलखामा बास बसेका थिए भनी उनको सम्भनामा त्यहाँ एउटा मन्दिर बनाइएको छ। यहाँ आइपुगेपछि यिनले चोभारको डाँडो काटी उपत्यकाको पानी निकास खोली दिएकोले यो ठाउँ मानिसहरूको बसोबास योग्य हुन सकेको हो। त्यसो हुनाले अनादिकाल देखि प्रतिवर्ष श्रीपञ्चमीका दिन के हिन्दु के बौद्ध सबै धर्मावलम्बीहरू स्वयम्भू नजिकको मन्दिरमा प्रतिस्थापित यिनको पादुकाको पूजा आराधना गर्दछन्। बौद्ध परिवारका केटाकेटीको अक्षराम्भ गर्दा नमो बागीश्वराय भनी यिनको प्रार्थना गराउँछन्। नेपालको आफ्नो धार्मिक सह अस्तित्वको परम्परा अनुसार यिनीप्रति श्रद्धा व्यक्त गर्दछन्। थोरै शब्दमा, यी नेपालीमात्रका हृदयमा उच्च आसन पाएका प्रेरणादायी दैवी शक्ति भएर रहेका छन्।




*अरनिको समाजबाट स्थापित अरनिको प्रतिमा*

यिनी पहिले स्वयम्भू महाचैत्यको दर्शन गर्न नेपाल आएका, काठमाडौंलाई बसोबास योग्य तुल्याएको सम्भना र यिनीप्रतिको श्रद्धा एवं आस्था पुनर्नवीकरण गर्न वुथाइशानको उक्त पाँच मध्येको बीचका शिखरमा भर्खर तयार भएको नयाँ मन्दिरमा नेपालमा निर्माण गरिएको उनको दुई मिटर अग्लो भव्य मूर्तिको प्रतिष्ठा गर्नु सार्थक ठानिएको छ।

मञ्जुश्रीको मूर्तिको निर्माण गरी पञ्चशीर्ष पर्वतमा पुऱ्याउने काम नेपाल पक्षबाट र चीनमा मूर्ति स्थापनाको काम चीनपक्षबाट हुने गरिएको छ। यो कार्य नेपालबाट अरनिको समाज र चीनको तर्फबाट बुथाई शानको युआन चाओ विहारले गर्ने भएको छ।

नेपालका महान कलाकार अरनिकोले यो पवित्र स्थलमा दुइटा श्वेत चैत्य धेरै बौद्ध देवीदेवताका मूर्तिहरू, विहार एवं धर्मशाला भवनहरूको निर्माण गरेका थिए। यी सबै यथावत रहेका छन्। यी निर्माण कार्य गर्दा पटक पटक गरेर अरनिको दश वर्ष त्यहाँ रहेका थिए। यो पञ्चशीर्ष क्षेत्रमा कहाँ कसरी जाने वा कुन ठाउँ कहाँनिर छ भन्दा अरनिकोको श्वेत चैत्यलाई केन्द्र मानी श्वेत चैत्यबाट पूर्व, पश्चिम वा यति नजिक वा यति टाढा भनी दिशानिर्देश गर्ने चलन अद्यावधि रहेको छ। यसरी अरनिकोको चैत्य यो ठाउँको केन्द्रविन्दु भएर रहेको छ।

अरनिको बाहेक नेपालका विशिष्ट बौद्ध विद्वानहरू सहज श्री र श्री सारीपुत्र जस्ता व्यक्तित्वहरूले पनि यहाँ मञ्जुश्रीको आराधना गरेका थिए। त्यसै कारणले चीनका मिङ सम्राटहरूले उनीहरूमा ठूलो श्रद्धा अर्पण गरेका थिए।

चीनका शास्त्रीय इतिहासमा नेपालीहरू मञ्जुश्रीलाई आफ्नो संरक्षक देवताका रुपमा सम्मान गर्दछन्। जोसुकै नेपाल बौद्ध धर्मावलम्बी बोधिसत्व मञ्जुश्रीको दर्शन गर्न पाउन लालायित रहन्छन्। यो जन्ममा नभए अर्को जन्ममा भएपनि पञ्चशीर्ष पर्वतमा



*नेपालमा बनेको मञ्जुश्रीको मूर्ति राख्न बनाइएको मन्दिर*

आएर मञ्जुश्रीको दर्शन गर्ने इच्छा सदा जीवित राखेका हुन्छन् ।

यसकारण पञ्चशीर्ष पर्वतमा जन्मिएका र त्यहाँबाट आई यो उपत्यकालाई बसोबास योग्य तुल्याइदिने महामञ्जुश्री नेपाल र चीनका समान रुपका अधिष्ठाता र आफ्ना वरदानले दुवै देशको रक्षा गर्ने संरक्षक देवता भएर रहेका छन् । यिनलाई नेपाल र चीनको मित्रताको अधिष्ठाता र आस्थापूर्ण प्रतीक मानिन्छ । यसो हुनाले अरनिको समाज र चीन तर्फबाट बुथाइशानको युवान चाओ विहार केन्द्रले प्रस्ताव गरेको यो पवित्र कार्यका लागि सबैको सहयोग पाउन विनम्र अपील गर्दछौं ।

## लँ

वना च्वन न्ह्या न्ह्याँ ।
उखें थुखें स्वया न्हां ॥
पला छिक्कों सह याना च्वन ।
अयन् गुगुं लं मभीं न्हाँ ॥
कोमलताया सिमाहे मदु ।
लँ या मुल्य असंख्य दु ॥
मानव जीवनया चिं जुया च्वन ।
सहस्र दुःख सह याना च्वन ॥
विश्व सभ्यता यात न्ह्याका हे च्वन ।
अयन् गुगुं लँ मभीं न्हाँ ॥
युगौं युग या पुलांगु चिं ।
ज्याय खेले मदु फुक न्हाँ ॥
प्रतिमाया रूपे क्यना च्वन ।
प्रलयया अन्त कालय् न्हां ॥

**- (बेबी) सुमित्रा मानन्धर**
पकनाजोल, काठमाडौं

## पछुताप गरेर के गर्ने

हरिकृष्ण श्रेष्ठ, धरान - १२

सूर्यको किरण संगै देशमा
विहानीको संकेत छरेर आयो
पशु पंछी लगायत सबै प्राणीहरू
आ-आफ्नो आश्रममा बिउझिन थाल्यो

आजका दिन गर्नु पर्ने कार्यहरू
एक एक सबैले सम्झीन थाले
नित्य कर्म र पेटको लागि
सवै प्राणीहरू जुर भरीन थाले

सवै प्राणी व्यस्त छन्
आफ्नो प्राण रक्षाको लागि
सोख र सुविधा खोस्न को लागि
सवै उत्तेजित र अन्य काम गर्न थाले

कसैलाई थाहा छैन पाप र धर्म
कसरी कमाउने हो पुण्य कर्म
कसरी हुन्छ मनमा शान्ती
कसैलाई त्यस बेला मनमा आएन
जव बित्यो त्यो दिनहरू
पछुताउ पर्न गए सबै कुकर्महरू
पछुताउ गरेर पो के हुन्छ
बितीसक्यो त्यो दिनहरू
भोग अब पापका कर्महरू
क्यान्सर अनि एड्सका पिडाहरू
कुष्ठ रोग अनि टी.वी. हरू
टड्पाई टड्पाई छटपटाइरहु बाँकी दिनहरू
"बाँकी दिनहरू'

*न्हूम्ह सहभागी–*

छिकपिनिगु छलफल कार्यक्रमे जिछम्ह न्हूम्ह तिनि । छगू निगू खँ मथुया च्वंगु न्यने धका वया । नेवा भासं न्यने ज्यू ला थें ?

*आयोजक–* ज्यू, ज्यू, अपोयाना नेवा भासं छलफल जुइगु ख: । गुरुङ तामाङत दैबले जक खँय् भासं छलफल जुइगु ख: । धर्मकीर्ति पत्रिकाय् जक मेघदूतं खँय् भासं च्वया छ्वैगु ख: । नेपाली भासं च्वया छापे जुइबले नेवाभाय् मथूपिन्त नं जानकारी बीथें जू वं । छिं छु न्यनेमागु थें ?

*सहभागी–* धर्मकीर्ति विहारया नां थपाय्‌गो याना लीयागुलिं धर्मकिर्ति धका च्वया त:गु शुद्धगु ला कि ? अशुद्ध जूगु । शुद्धगु ख:सा धर्मकीर्ति पत्रिकाय् नं धर्मकिर्ति धका छापे याय् माल । गुगु पतिइ शुद्ध जू धैगु भ्रम जुया च्वन, वया क्वसं शिलालिपि निगूलीनं धर्मकीर्ति धका दु । गथे जूगु ?

*आयोजक–* कलाकारया दृष्टिकोणं धर्मकिर्ति शुद्धजू । भीगु विचार कथं धर्मकीर्ति जक शुद्ध आ: च्वया त:गु धर्मकिर्ति अशुद्ध ख: ।

*मेम्ह हे सहभागीया प्रश्न-* सन्ध्या टाइम्से उखुनु जूगु धरानया ज्ञानमाला सम्मेलने भिक्षु अश्वघोषं भाषण बिया बुद्धयात थ:म्हं नं म्ह मस्यू धाल धका छापे जुल । भिक्षु जुया नं बुद्धयात म्ह मस्यू धागु गजबगु खँ जुल । छाय् अथे धागुथें छक सीकेद:सा ज्यू ।

*आयोजक–* थ्व खँ वसपोलयाके हे न्यने मागु जुल, थुगुबारे मेपिसं नं न्यंगु दु । थौं वसपोलयात सता तयागु दु । थ्यंक हे बिज्याइन । उ नां जक क्या थ्यंक बिज्यात ।

थन छपिनि बारे खँ जुया च्वंगु ख: । छपिसं बुद्धयात म्ह मस्यूनि धाल हँ । छाय् थें ?

*भिक्षु अश्वघोषया लिस–* बुद्ध छम्ह शुद्धम्ह क्लेश छुं मदुम्ह ख: । भीपिं अशुद्ध पिसं गथे याना म्हंसीकेगु । वसपोल पुलांगु संस्कारं मुक्तम्ह, परम्परावादी मखुम्ह । भीपिं पुलांगु संस्कार व कर्मकाण्ड माने याय्‌मापिं, परम्परावादी, थ: ताले मलासां धर्म छक यासां सिनां सुखावती भुवने जन्म काय् दय्‌मा धका प्रार्थना याय् मापिं । बुद्ध जुल हानं जन्म काय् म्वागु दु:खँ मुक्तगु निर्वाणया खँ कना बिज्याइम्ह ख: । गथे याना म्हसीकेगु बुद्ध ।

हानं बुद्ध जीवनीस सिद्धार्थ (गौतम बुद्ध) जन्म जुइसात न्हे पलाछिना न्ववाम्ह धाल । ललित विस्तरे बुद्ध माँया याकु प्वालं जन्म जूम्ह ख: । योनिं जन्म जूम्ह मखु धयातल । थुपिं खँ पालि त्रिपिटके गनं खने मदु । अर्थ कथाय् जक खने दु ।

हानं बुद्ध तुषिता भुवने बिज्याना महामायायात अभिधर्मया खँ कं बिज्यात धाइगु । विनय पिटके भिक्षु पिंसं ऋद्धि प्रातिहार्य क्यनेमज्यू नं धका बुद्धं नियम दय्‌का बिज्यागु खँ दु । अर्थकथाय् बुद्धं प्रातिहार्य क्यंगु खँ नं धया तगु दु । उकिं धात्थेंयाम्ह बुद्ध गुम्ह ख: सुख धका जिं मस्यूनि । फुकसितं चित्त बुझे जुइक खँ कने मसया वल । बाखँ कँ कँ थ: ध्वाह्र जुया वो थें बाखँ न्यना च्वंपिं नं ध्वाध: जुया वोथें च्वं । पुलांगु संस्कार तोता वने मागु अथे जूगु खने मदु । बाखँ न्यंपिसं दान बीगु छता सया वल । थ्व छता उपलब्धि ख: । तर ........!

*सहभागी–* सन्ध्याटाइम्से मेगु नं छगू छापे जुया च्वंगु दु । भिक्षु अश्वघोषं भिक्षुपिं नं ताले मलाना वल धका । थथे धाय्‌गु मिले जूला ?

*भिक्षु अश्वघोष–* धराने ज्ञानमाला सम्मेलन उद्‌घाटन जूथाय् जिं धयागु खँ ला अथे मखु । गथे धयागु धा:सा भिक्षुपिं नं ज्ञानया खँ कनीपिं ज्ञानमाला हालीपिं नं ज्ञानी जुइमागु ज्ञानया खँ कनीपिं ख: । भिक्षुपिन्त आलोचकतसें धाइगु ज्ञानया खँ कनीपिं, भिक्षुपिं नं ताले मला, ज्ञान माला हालीपिं नं तालेमला, उकिं निखलनं ताले ला:पिं जुया सतर्क जुइ मागु दु । सन्ध्या टाइम्सया प्रतिनिधिं थ:गु तालं समाचार च्वया हल । अखवार वाला तय्‌सं सत्य तथ्य खँ सिकं मनू तय्‌गु न्ह्यपु ल्वाक बुक जुइकथं जक कलम चले याइगु । सत्य खँ च्वया छोसां इमिसं बे बे कोयक च्वया छापेयाना हइगु । जिके नं तम्हेसिन न्यने धुंकल । थन जित स:ता न्यंगु बां हे लात का ।

*मेम्ह सहभागी*– न्हूगु निर्माण जूगु धर्मकीर्ति विहारे शिलालिपि निपा दु । छपाते पुलांगुली अनगारिका गुरुमांपि धका च्वया तल । आ: न्हूगु शिलालिपीस अनागारिकापिं धका च्वया तल । गथे पा:गु ?

*आयोजक*– नितां अशुद्ध लाम जू । थ्व शब्द गथे बने जूगु ख: सीका तय् मा: । पालि भासं छें यात अगार नं धाइ, आगार नं धाइ । व्याकरण कथं अगारया न्ह्योने अन् निग: आगम्ह जुया अनगारिका जुल । आगारया न्ह्योने नं अन् आगम जुया अनागारिका जुल । थन आगम धयागु अन् निग: आख: पेह नं वया अगार नाप मिलेजू वोगु ख: । उकिं अनगारिका जूगु ख: । छें तोतावोपिमिजं पिन्त अनगारिक जक धाइ । वाद विवाद छाय् धा: बले अखबारे छापे जुया वै अनागारिकाया थासे अनागरिका धका छापे जुइगु । अनगारिका वा अनागारिकाया अर्थ छें मदुपिं अथवा छें तोतावोपिं ख: । अनागरिका धाय् बले नागरिक मखुपिं ।

सरकारया कार्यालये वना नागरिक प्रमाण पत्र कावंसा अथवा मेगु छुं ज्याय वंसा अनागारिका च्वया तल धाय्वं नागरिक मखुपिन्त गथेयाना नागरिकता बियगु । गथे याना लालपुर्जा बियेगु धका प्रश्न याइगु । उकिं अनागारिका मच्वसे अनगारिका च्वयेगु शुद्ध जू । अनागारिका च्वयेगु मिले मजू ।

आनन्द भूमिसं न्हापां निसें अनगारिका च्वया वया च्वंगु । आ: पण्डित विद्वानपिं सम्पाकद व व्यवस्थापकतसें अनगारिकाया साथे अनागारिका धका च्वया हल । थुकी जिद्दीपह जुया वादविवाद याना च्वनेगु आवश्यक मदु । तर धर्मकीर्तिया थासे धर्मकिर्ती मिले मजू धका आपासिनं धयाच्वंगुदु ।

## घमण्डं भि याइमखु

✍ जयवती

घमण्ड–
घमण्ड छंके दुहाँ वल
स्यंकि छन्त उकिं मित्र
देव ब्रह्मा धापिं जूसां
यंकि मखु न्हा भिंथाय् ॥१॥

जीवन काछि होने मखु सानं
च्वंतले च्वनेगु सुखं मित्र
राहुं ज्वंथें च्वंक भीख्वा
च्वने मखु न्है गवलें ख्यूंका ॥२॥

दु:ख सुख भीत न्ह्यागु हे जूसां
ख्वाले भीसं न्ह्यावलें न्हीका
द्वं विद्वं न्ह्याम्ह सियां देफु जगते
च्वनेमा तर भी सहलह देका ॥३॥

चित्त यात–
धात्थे ज्वना दाय जक ज्यूसा,
छन्त जिं दाय जुल पुतु प्वीक
छं जित हाय्का दु:ख ब्यूगु
सहयाय् फूगु मखुत नुगलं

लोभ लालचे लापिं प्राणि
भिनि मखु जगते न्हां अपिं
अधो पतन ज्वीगु सिवाय्
ज्वी मखु गवले उर्ध गामि

थौं थें मखु कने थ्व चित्त
न जू कन्हे थें हे कंस
थौं न्हिले वसा वइ कन्हे ख्वे
कने ख्वे वसा कंस न्हिलेगु

अपो हे चंचल जुया थ्व चित्तं
बिल दु:ख मनू तेत म्वा म्वाकं
थौं या मित्र कन्हे या शत्रु
कन्हे या शत्रु कंसया मित्रु
शत्रु मित्रु या भाव तयाव
बिल दु:ख चित्तं म्वा म्वाकं

करूणा चित्त मदुम्हसें
फइ मखु याय् उपकार
परोपकार नुगले मदुम्ह
ज्वी मखु व धार्मिक
विना धर्म शान्ति लाभ
ज्वी मखु सु छम्हे सितं

## यो पनि जानी राखे राम्रो ... ....

### तिलौराकोट दरबारका भग्नावशेष हराउन थाले

*-सञ्जय पन्थी, कपिलवस्तु ।*

कपिलवस्तुको पुरातात्त्विक तथा ऐतिहासिक स्थल तिलौराकोट दरबारका भग्नावशेष दिन प्रतिदिन सुनियोजित तरिकाले हराउँदै जान थालेका छन् ।

पुरातत्त्व विभाग तौलिहवाका प्राविधिक शंकर धितालका अनुसार, ऐतिहासिक दरबारस्थलको संरक्षण तथा सम्बर्द्धन गर्ने जिम्मेवारी लुम्बिनी विकास कोषले लिएको छ । तर दरबारक्षेत्रका इँटाहरू दिन प्रतिदिन टकऱ्याउद' संरचना नै भंग गर्दासमेत कोषले संरक्षणमा कुनै पहल थालेको छैन ।

वरिपरि तार-काँटाले घेरिएको तिलौराकोट दरबार क्षेत्र ३५ बिघा क्षेत्रफलमा फैलिएको छ । उत्खनन गर्न बाँकी दरबार क्षेत्रको संरक्षणका लागि ६ जना स्थानीय चौकिदारको व्यवस्था गरिएको भए पनि चौकिदारहरू पर्यटक आउँदा मात्र उपस्थित हुने गर्दछन् ।

तिलौराकोट अवलोकन गर्न आउने पर्यटकहरूसँग असुल्ने गरेको रकमको हिसाबकिताब लुम्बिनी विकास कोषमा नरहेको कुरा पनि पुरातत्त्व विभाग तौलिहवाका कर्मचारीहरू बताउँछन् ।

पुरातात्त्विक बहुमूल्य वस्तुहरू उत्खनन गर्न बाँकी नै रहेको तिलौराकोट र नजिकका पुरातात्त्विक स्थलहरू संरक्षण र संवर्द्धनको अभावमा दिन प्रतिदिन अतिक्रमति भएका छन् ।

बौद्ध स्तूप रहेको लालमतिया र देखा अतिक्रमण हुँदा ती स्थानहरूमा रहेका पुरातात्त्विक महत्त्व राख्ने वस्तुहरू हराएका छन् । सो जग्गामा खेती लगाइएको छ । तिलौराकोट दरबारक्षेत्रको संरक्षणको जिम्मेवारी पुरातत्त्व विभाग तौलिहवाले पाउनुपर्ने माग सो कार्यालयको रहेको छ ।

*साभार: नेपाल समाचारपत्र*

### वृद्धवृद्धालाई कम्बल

दमक । मोरङ उर्लाबारीस्थित सुनगाभा आवासीय माध्यमिक विद्यालयले सदाझैं यस वर्ष पनि शनिबार स्थानीय २१ जना गरिब वृद्धवृद्धाहरूलाई एक-एकवटा कम्बल नि:शुल्क वितरण गऱ्यो ।

उर्लाबारी जेसिजको पदस्थापन समारोहको अवसर पारी जाडो मौसमलाई समेत ख्याल गरेर विद्यालयका संस्थापक मानबहादुर फागोले कम्बल वितरण गर्नुभएको थियो ।

फागोले विगत चार वर्षदेखि बर्सेनि कम्बल वितरण गरी गरिब वृद्धवृद्धालाई राहत पुऱ्याउँदै आउनुभएको छ । *साभार: नेपाल समाचारपत्र*

### पेन्सनबाट चार वटा पुल मर्मत

संखुवासभा । अवकाशप्राप्त त्यहाँका एक प्रहरी हवल्दारले आफ्नो पेन्सनको रकमबाट हटिया र पावाखोला गाविसमा चार वटा झोलुङगेपुल मर्मत गरेका छन् ।

संखुवासभा जिल्लाको हटिया गाविस वडा नं. ६ स्याक्सीला गोलाका हस्तबहादुर तामाङले हटिया गाविसस्थित अरूण नदीमा दुईवटा र पावाखोला गाविसस्थित लेक्सुवा खोलामा दुई वटा पुल मर्मत गरेका छन् । ती पुलहरू मर्मत गर्दा ५० हजार खर्च भएको उनले बताए । *साभार: नेपाल समाचारपत्र*

### जाडोबाट बच्न विपन्न वृद्ध-वृद्धालाई नि:शुल्क कम्बल

मोरङ, ७ माघ- एक महिनादेखि कायम रहेको शीतलहर तथा अत्यधिक जाडोबाट बच्न मारमाडी युवा समिति विराटनगरले असहाय तथा विपन्न वर्गका वृद्ध-वृद्धालाई नि:शुल्क कम्बल उपलब्ध गराएको छ । समितिले विराटनगरलगायत ग्रामीण क्षेत्रमा बसोवास गर्ने एकसय भन्दा बढी त्यस्ता वृद्ध-वृद्धालाई कम्बल वितरण गरिसकेको बताएको छ ।

समितिबाट उपलब्ध कम्बल प्रजिअ दोलखबहादुर गुरुङले विराटनगरमा वितरण गर्नुभयो । उहाँले आफ्नो गाडीमा कम्बल राखेर बजार परिक्रमा गरी सडकमा हिंड्दै गरेका असहाय तथा विपन्न वर्गका वृद्ध-वृद्धालाई वितरण गर्नुभएको थियो ।

गुरुङले आफ्नामात्र ४० वटा कम्बल त्यस्ता वृद्ध-वृद्धालाई वितरण गरिसकिएको बताउनुभयो । मोरङमा शीतलहर र अत्यधिक जाडो कायमै छ । जाडोका कारण मोरङमा चार बालबालिका र एक वयष्कको मृत्यु भइसकेको छ । *साभार: कान्तिपुर दैनिक*

# धर्मकीर्ति विहारको शनिबारीय कार्यक्रम

**अरूबाट मान मर्यादा कसरी पाउने ?**

*रिपोर्टर: श्यामलाल चित्रकार*

पूजनीय अश्वघोष भन्तेले मिति २०५९ पौष ६ गते शनिश्चरबारका दिन सारगर्भित बुद्ध वचनलाई अघि सार्दै मानिस जहाँ गए पनि मर्यादा पाउनलाई अपनाइनु पर्ने गुण धर्म बारे धर्म देशना गर्नुभयो ।

श्रद्धावान, शीलसम्पन्न कीर्तिमान र भवभोग सम्पति भएको व्यक्ति जहाँ गए पनि पूजनीय र मर्यादीत हुन्छ ।

बुद्ध, धर्म र संघ प्रति मन प्रशन्न हुनु, राम्रो कामबाट राम्रो फल प्राप्त हुन्छ र नराम्रो कामबाट नराम्रो फल प्राप्त हुन्छ भन्ने कर्मवादलाई विश्वास गर्नु इत्यादी मन स्थितिलाई श्रद्धा भनिन्छ । हामीहरू जस्ता साधारण मानिसको श्रद्धा स्थीर छैन, परिवर्तन भई रहन्छ । मार्ग फल लाभ गरिसकेका आर्यजनहरूको श्रद्धा अटल हुन्छ । आफू र आफ्नो परिवारको जीवनयापन गर्न, अरूलाई सहयोग गर्न, दान धर्म गर्न र कीर्ति राख्न घर जग्गा धन सम्पतिको आवश्यक पर्दछ । जस्ले बेलैमा मेहनत र परिश्रम गरी शिल्प विद्या सिकी इमान्दारिका साथ धन आर्जन गर्दछ उस्को जीवन सुखमय र मर्यादीत हुन्छ । अत्याचार र भ्रष्टाचार बाट धनी भएकाहरूले देखावति मान्यता पाउन सक्लान् । धनवानको साथै जो व्यक्ति श्रद्धावान र शीलवान छ त्यस्ले नै हदयदेखि नै मान्यता पाउँछ । बुद्ध कालिन समयमा चित्र गृहपति एक धनाढच व्यक्ति थियो । उस्ले बुद्धको दर्शन पाएको थिएन । महानाम र सारीपुत्र भिक्षुहरूको धर्म देशना सुनेर चित्र गृहपतिले तेश्रो तहको अनगामी मार्ग फल सम्म प्राप्त गरे । चित्र गृहपति जहाँ गए पनि मान सम्मान पाई चर्चित व्यक्तित्व भएकोले बुद्धले भन्नुभयो "चित्र गृहपति संग शुद्ध आचरण छ, शुद्ध श्रद्धा छ, धन सम्पति पनि प्रशस्त छ । उ परिश्रमी छ । उस्ले धनको सदुपयोग गर्न पनि जानेको छ । उस्ले अम्वाटक मच्छिकासण्ड भन्ने ठाउँमा विहार बनाइ भिक्षुहरूलाई चतुप्रत्यय (भोजन, चिवर, वासस्थान, औषधी) इत्यादी आवश्यक सामान पुऱ्याई उपासक धर्म अभ्यास गरीरहन्छ । त्यसैले उ जहाँ गएपनि सम्मानित हुन्छ ।"

२०५९ पौष २७ गते, शनिबार

**विषयः दैनिक जीवनमा धर्मको अभ्यास**

*रिर्पोटर- अम्बिका शाक्य*

यसदिन श्री मदन मानन्धर ज्यूले **"दैनिक जीवनमा धर्मको अभ्यास"** विषयमा प्रवचन दिनुहुदै भन्नुभयो– "खास धर्मको अर्थ कर्तव्यं पालन र आफ्नो स्वभाव प्रकट गर्नु हो । त्यस्तै कर्मलाई पनि धर्म भनि संज्ञा दिइराखेको छ । ती कर्तव्य, स्वभाव र कर्म अनुसार हाम्रो जीवनमा मुख्य दुई किसिमका कामहरू गर्छन् । ती हुन् कुशल कर्म र अकुशल कर्म जसलाई शरीर, वचन र मन तीनवटा माध्यम द्वारा सम्पादन गर्छन् । ती कर्महरू यसप्रकार छन् ।

*शरीरद्वारा गरिने कुशल कर्म तीन–* १) प्राणीहिंसा नगर्ने, २) परबस्तु नचोर्ने, ३) सम्यक आचरण गर्ने ।

*अकुशल कर्म तीन–* १) प्राणघाट गर्ने, २) परबस्तु चोर्ने, ३) नराम्रो वा अनैतिक काम गरि सुखभोग गर्ने ।

*वचन द्वारा गरिने कुशल कर्म चार–* १) सत्य कुरा बोल्ने, २) आफू र अरुलाई भलो हुने कुरा गर्ने, ३) नरम मिजासले बोल्ने, ४) एक दोस्रोमा मेल मिलाप हुने कुरा गर्ने ।

*अकुशल कर्म चार–*, १) भुठ कुरा बोल्ने, २) चुगली कुरा गर्ने, ३) काम नलाग्ने फजुल गफ गर्ने, ४) कडा बोली बोल्ने ।

*मनद्वारा गरिने कुशल कर्म तीन–*

१) अलोभ, २) अद्वेष, ३) सम्यक दृष्टि

*अकुशल कर्म तीन–*

१) लोभ, २) द्वेष, ३) मिथ्यादृष्टि

हाम्रो दैनिक जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपले दशवटा कुशल र दशवटा अकुशल कर्महरू मध्यबाट काम कुरा गरिराखेका हुन्छन् । यदि हामीले आफूले गरेको दिनभरिको कामलाई नियालेर हेरेर गयो भने कुशल भन्दा अकुशल कर्महरू धेरै गरिराखेका हुन्छ्छन् । जस्तै व्यापारीले बेचबिखनमा नाफाको लागि अनेक अकुशल कर्म गरिराखेका हुन्छन् । त्यस्तै दुईजना

मानिस कुरा गर्दा तेस्रो व्यक्तिको कुरा काटेको हुन्छ । अझ मनद्वारा गरिने अकुशल कर्मबाट बच्न त धेरै गाह्रो हुन्छ । यसरी विभिन्न माध्यम द्वारा गरिने अकुशल कर्महरुबाट छुट्कारा नपाए सम्म हामीलाई दु:ख त भइनै रहन्छ ।

हाम्रो दैनिक जीवनमा भइराखेको दु:ख र अप्ठ्यारा वातावरणको सृजना अरु व्यक्तिबाट वा बाहिरी वातावरणबाट भए जस्तो लाग्छ, तर त्यसलाई राम्ररी भित्रसम्म गहिरिएर हेर्दा आफ्नै कारणबाट दु:ख भइराखेको हुन सक्छ । आफ्नो दु:खको कारण अरु व्यक्ति र वातावरण त केवल माध्यम मात्र हुन् । त्यसरी बाहिर बाट प्राप्त भएको ग्रहण गर्ने वा भोग गर्ने त आफुनै हुन जान्छ । यसरी दु:खको कारण र दु:खको जिम्मेवारी को हो भन्ने थाहा पाउन आफ्नो शरीर, वचन र मनले गरेको कर्मलाई ती माथि उल्लेखित दश-दशवटा कुशल र अकुशल कर्महरूमा पारि मुल्याङ्कण गर्नु पर्छ जस्तो लाग्छ ।"

## अल्पकालीन प्रव्रज्या शिविर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा २०५९ पौष १३ देखि १९ गते सम्मको अल्पकालीन श्रामणेर तथा ऋषिणी प्रव्रज्या कार्यक्रम भव्यरूपमा धर्मकीर्ति बसुन्धरा विहारमा सुसम्पन्न भएको थियो ।

उक्तकार्यक्रम पौष १३ गते, शनिवार धर्मानुशासक पूज्य अश्वघोष महास्थविरको अध्यक्षतामा एक समारोह बीच शुरु भएको थियो । अल्पकालनि श्रामणेर प्रव्रज्या ७ जनाले लिनु भएको थियो । र १ जना अनगारिका र १४ जना ऋषिणी भएका थिए । कुसुम गुरुमाँले ऋषिणी बनाउनु भएको थियो । उक्त अवसरमा भिक्षु मेधंकरको पनि उपस्थिति थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव श्री इन्द्रकुमार नकर्मीले स्वागत भाषण गर्नु भएको थियो । पूजनीय इन्दावती गुरुमांले कार्यक्रमको झलक प्रस्तुत गर्नु भएको थियो । उक्त अवसरमा श्रद्धेय अश्वघोष महास्थविर र कुसुम गुरुमाबाट प्रव्रज्याजीवन बारेमा सारगर्भित धर्मोपदेश दिनु भएको थियो । अन्तमा यस अल्पकालीन श्रामणेर तथा ऋषिणी प्रव्रज्या कार्यक्रमको संयोजिका श्रमिती मीना तुलाधरले यस पुणित कार्यक्रममा सहयोगी साथीहरूलाई धन्यवाद दिनु भएको थियो । स्मरणीय छ, ७ दिन सम्म विभिन्न भन्ते र गुरुमाँहरूले नैतिक शिक्षा दिनु भएको थियो ।

श्रामणेर प्रव्रज्या र ऋषिणी प्रव्रज्या लिनु भएकाहरूको नामावली यस प्रकार छन्–

| *श्रामणेरहरूको नाम* | | *गृहस्थीनाम* |
|---|---|---|
| १) कोण्डण्य | - | सिम्रिकमान तुलाधर |
| २) वप्प | - | प्रसन्नकाजी ताम्राकार |
| ३) भद्दिय | - | प्रवीण कृष्ण कंसाकार |
| ४) महानाम | - | दुर्लभ डंगोल |
| ५) अस्सजित | - | जुवीन वैद्य |
| ६) उपतिस्स | - | केवीन महर्जन |
| ७) कोलित | - | राजन महर्जन |
| *अनगारिकानाम* | | *गृहस्थीनाम* |
| अगग्न्यानी | - | सितु मानन्धर |

*ऋषिणीहरू–*

१) भञ्जु महर्जन २) शिष्का नकर्मी ३) स्वेच्छा नकर्मी ४) न्युलीहेरा तुलाधर ५) रविनासिंह ६) अप्सनाकारञ्जीत ७) मनिषा महर्जन ८) आकृति कमल तुलाधर ९) शिल्वी नकर्मी १०) निरमा नकर्मी ११) विशाखा तुलाधर १२) स्वर्णिमा तुलाधर १३) मिलिना तुलाधर १४) शुकेष्णा वैद्य

यस प्रव्रज्या कार्यक्रममा भोजन, जलपान, जुसदान गर्नु भएका दाताहरू–

भोजन– मीना तुलाधर, मधुवन्ती, कमल तुलाधर, ललितदेव मानन्धर, श्यामलाल चित्रकार, अमरलक्ष्मी, जलपान– कुसुम गुरुमाँ, सुन्दरी माया महर्जन, सुर्ज लक्ष्मी तुलाधर, शंकर मान वैद्य, निर्मलरत्न तुलाधर । जुस– तारादेवी तुलाधर, विकाश रत्न तुलाधर, प्रतिमा स्थापित इन्दावती गुरुमां, दिलकमल तुलाधर ।

*मुख्य उद्देश्य–*

श्रीमती मीना तुलाधरको संयोजकत्वमा भएको यस अल्पकालीन श्रामणेर र ऋषिणी प्रव्रज्या कार्यक्रमको मुख्य उद्देश्य हाम्रो समाजका नयाँ पीढिलाई बुद्धको शिक्षा र ज्ञान दिई असल चरित्र निर्माण र बौद्ध समाजको विकृतिलाई सुधार्नु हो । सातदिन सम्म प्रव्रजित बाल बालिकाहरूले त्यागी जीवनको नियम अष्टशील पालना गरी बुद्ध शिक्षा लिने कार्यक्रम रहेको छ । साथै नैतिक शिक्षा पनि दिइने लक्ष्य छ ।

### १० औं वर्षिक उत्सव

धरान/ समाज सेवाको उद्देश्यले स्थापित सम्यक शिक्षा समूह धरान-१२ ले दशौं वर्ष प्रवेश गरेको अवसर मा गत पौष २५ गते धरानको छाता चौकमा बाल भित्ते पत्रिका प्रतियोगिताको आयोजना गरेको थियो ।

भर्खरै प्रशिक्षण प्राप्त बाल पत्रकारहरूले पाँच-पाँच जनाको समूह बनाएर छुट्टाछुट्टै भित्ते पत्रिका प्रकाशन गरेको थियो । तिनै पत्रिकाहरूबीच भएको प्रतियोगितामा १६ वटा पत्रिकाहरूले भाग लिएकोमा बाल प्रतिभा प्रथम, बाल जागरण द्वितीय र बाल एकता तृतिय भएका थिए भने बाल सञ्चार सान्त्वना स्थान प्राप्त गर्न सफल भएको थियो । सो प्रतियोगिताका निर्णायकहरूमा पत्रकार भवानी बराल, साहित्यकार गोविन्द विकल, चित्रकार कर्ण मास्के, सह-प्राध्यापक भोला पोखरेल र बाल पत्रकार सुभद्रा भुजेल रहनुभएको थियो । उक्त प्रतियोगितामा सम्यक बाल समूहले छोरीलाई पनि पढाउनु पर्छ नामक सडक नाटक प्रस्तुत गरेका थिए ।

सम्यक शिक्षा समूहद्वारा प्रकाशित सम्यक शिक्षा पाक्षिक भित्ते पत्रिकाका सम्पादक सन्दिप शाक्यको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा समूहका अध्यक्ष मोहन श्रेष्ठ सभापति रहनु भएको थियो भने समाजसेवी सरला कायस्थ प्रमुख अतिथि हुनुहुन्थ्यो । त्यसैगरी अतिथिहरूमा समूहका संस्थापक अध्यक्ष देवीमाया शाक्य र पत्रकार राजेश विद्रोही हुनुहुन्थ्यो । सो अवसरमा समूहका निवर्तमान अध्यक्ष विद्या शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संचालन समूहका सचिव केशव श्रेष्ठले गर्नुभएको थियो ।

### धरानमा पुस्तक विमोचन

२०५९ पुष २९ गते, धरान ।

भुवनलाल प्रधानद्वारा लिखित शाक्य कल्याण संस्था धरानले पुन: मुद्रित गरी "बुद्ध धर्म र शाक्यहरू" पुस्तक स्वयम्भू चैत्य महाविहारमा शाक्य कल्याण संस्थाका धरानका अध्यक्ष वज्रकुमार वज्राचार्यको सभापतित्वमा भएको एक समारोहका बिच भिक्षु अश्वघोष महास्थविरले विमोचन गर्नुभयो । उक्त कार्यक्रममा धर्मोदयसभाका महासचिव सुवर्ण शाक्यले उक्त पुस्तकमा शाक्य जातिको योगदान उल्लेख भएको प्रकाश पार्नुभयो भने श्री शान्तरत्न शाक्यले पनि बोल्नु भएको थियो । भिक्षु कुमार काश्यप महास्थविरले परियत्ति प्रतिपत्ति र प्रतिवेध अर्थात बुद्धको शिक्षा अध्ययन गरेर व्यवहार राम्रो पार्नु पर्ने अनि प्रतिफल असल हुने कुरा प्रकाशपार्नु भयो । शाक्य कल्याण संस्थाका सचिव पूर्णकाजी शाक्यले पुस्तक बारे बोल्नु भएको थियो । सो कार्यक्रममा उक्त संस्थाका उपाध्यक्ष कुलबहादुर शाक्यले स्वागत मन्तव्य गर्नु भएको थियो भने कार्यक्रमको संचालन सम्यक शिक्षा समूहका अध्यक्ष मोहन श्रेष्ठले गर्नु भएको थियो ।

### बिराटनगरमा परिचयात्मक कार्यक्रम

२०५९ पुष २९, बिराटनगर बुद्ध विहारमा परिचयात्मक कार्यक्रम भएको थियो । भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमार काश्यप महास्थविर बिराटनगरको बुद्ध विहार भ्रमणमा जानु भएको थियो । त्यसै बेला श्री मोहन प्रसाद शाक्यद्वारा स्वागत गर्नु हुँदै बिराट बौद्ध संघका पदाधिकारी हरूको र बौद्ध महिला संघको परिचयका साथै विहारका गतिविधि बारे छोटो परिचय दिनु भएको थियो ।

श्री मोहन प्रसाद शाक्यको अनुरोध अनुसार भिक्षु अश्वघोष महास्थविरले संक्षिप्त धर्म देशना गर्नु हुदै भन्नु भयो त्यहाँ कोही पनि भिक्षु न बस्नु भए पनि उपासक उपासिकाहरू संगठित भइ प्रत्येक पूर्णिमाको दिन शील प्रार्थना र धर्मको छलफल कार्यक्रम चलाई रहेको सुन्न पाउँदा खुशी लागेको छ । यहाँ बौद्ध महिलासंघ पनि सक्रियरूपमा संलग्न भइरहेको पनि सन्तोषको कुरा हो ।

वहाँले बुद्धको सन्देश उद्धृत गर्दै- बुद्धले एकजना सज्जनले सोध्नु भएको प्रश्नको उत्तर दिनु हुँदै भन्नु

भएको चार बुँदा उल्लेख गर्नुभयो ।

१) बुढा बुढी नहुँन्जेल सम्म हितहुने, कल्याण हुने शील (सदाचार) हो ।


२) सधैं दृढहुने गरी श्रद्धामा प्रतिष्ठित हुन सके हित हुन्छ ।

३) मनुष्यको रत्न (धन) प्रज्ञा (विवेक बुद्धि) हो ।

४) चोरले चोरेर लैजान नसक्ने वस्तु पवित्र हृदयले गरेको पुण्य हो ।

## जनस्तरमा ज्ञानमाला सम्मेलन सम्पन्न

२०५९ पुष २६,२७,२८ तीन दिन सुन्दर नगरको बुद्धविहार धरान ८ मा चतुर्थ राष्ट्रिय ज्ञानमाला सम्मेलन भव्यरुपमा सम्पन्न भयो । उक्त सम्मेलन राष्ट्रिय ज्ञानमाला संघ समितिको तत्वावधानमा र धरान ज्ञानमाला संघको आयोजनामा भएको थियो । २६ गते भिक्षु अश्वघोष महास्थविरद्वारा झण्डोत्तोलन, शीलप्रार्थना र बुद्धपूजा पछि शान्तिपद यात्राको रुपमा नगर परिक्रमा गरि चतरा लाइन माध्यमिक स्कूलको प्रांगण मैदानमा पुगी उद्घाटन समारोह सम्पन्न भयो । शान्तिपद यात्रामा स्थानीय गुरुङ्ग, राइलिम्बु, तामाङ्ग, शेर्पाहरू आ-आफ्नो जातीय भेष भूषामा समाविष्ट भई शान्तिपद यात्राको शोभा बढाएको थियो । तीन चार दर्जन भिक्षु भिक्षुणीहरू र लामा गुरुहरूको पनि सहभागिता थियो । धरान स्वयम्भू गुँला बाजा समूहले धा:बाजा बजाएर धरान नगरलाई नै घनकाइ दिएको थियो ।



*चतुर्थ ज्ञानमाला सम्मेलन धरानमा शान्तिपद यात्रामा सहभागी भन्ते, गुरुमाँहरू*

भव्यरुपमा सजाइएको मञ्चमा प्रमुख अतिथि भिक्षु कुमार काश्यप महास्थविरले पानसमा बत्तिबाली समारोह उद्घाटन गर्नु भयो र वहाँले भन्नु भयो आजको अशान्तिको वातावरणमा यस्ता ज्ञानको सम्मेलनले शान्ति स्थापनाको लागि उपयोगी हुनेछ । उक्त समारोह राष्ट्रिय ज्ञानमाला संघका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्वमा भएको थियो ।

राष्ट्रिय सम्मेलनका व्यवस्थाका संयोजक श्रीमती रमना श्रेष्ठद्वारा स्वागत भाषण गर्नु हुँदै ज्ञानमाला संघको महत्व र उपलब्धी बारे सारगर्भित कुरा भन्नु भएको थियो । उक्त अवसरमा धरान पूर्व मेयर मनोज कुमार र समाजसेवी राजकुमार श्रेष्ठले बोल्नु भएको थियो । राष्ट्रिय ज्ञानमाला समितिको राष्ट्रिय सम्मेलनको सचिव किरण कुमार जोशीको प्रतिवेदनपछि त्यही समितिको उपाध्यक्ष श्री सुवर्ण शाक्यले सम्मेलनको उद्देश्य माथि बोल्नु भएको थियो । धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो ज्ञानमाला भजनले ज्ञानमार्ग देखाउने काम गर्छ । त्यस्तै भिक्षुहरू पनि ज्ञानमार्गको शिक्षा दिनमा अग्रसर छन् । दुबै पक्षको व्यवहार राम्रो भए सुन माथि सुगन्ध हुनेछ । मतलब असल मान्छे बन्नु पर्छ । कोषाध्यक्ष सन्तकुमारको धन्यवाद पछि उद्घाटन समारोह विसर्जन भयो ।

२७ गते चतरालाइन स्वयम्भू महाचैत्य धरान-१२ मा शीलप्रार्थना बुद्धपूजा र थरि थरि ज्ञान माला संघ द्वारा ज्ञान माला भजन भएको थियो । त्यसपछि अपरान्ह १ बजेदेखि बुद्ध विहार धरान ८ मा पत्रकार धर्मरत्न शाक्यको सभापतित्वमा गोष्ठीको कार्यक्रममा शाक्य सुरेनको तर्फबाट 'ज्ञानमाला र यस्को विकास एवं निरन्तरता" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

२८ गते बिहान हिमालय महायान देछेन क्योलिङ्गगुम्बा धरान १८ मा ज्ञानमाला भजन, शीलप्रार्थना र बुद्धपूजा भयो । भोजन पछि शान्तरत्न शाक्यको सभापतित्वमा र भिक्षु अश्वघोषको प्रमुख आतिथ्यमा भएको समापन समारोहमा सहभागी सदस्य विमल बहादुर शाक्यले बोल्नु हुँदै भन्नुभयो सम्मेलनको लागि तयार गरिराखेको व्यवस्था प्रति सन्तुष्ट छौं । राम्रो

व्यवस्था भएको छ । विशेष तया बुद्ध विहारका बौद्ध महिला संघको सक्रियता र संलग्नता देखेर अति प्रभावित भएको छु ।

प्रमुख अतिथि भिक्षु अश्वघोषले बुद्धको परिचय दिनु हुँदै भन्नुभयो– बुद्ध यथावादी तथा कारी अर्थात जसरी बोल्नु हुन्थ्यो त्यसरी नै काम गर्नु हुन्थ्यो । हामी चाहिं कुरागर्ने अर्कै काम गर्ने अर्कै । श्रीमती रमना श्रेष्ठले रोचक सुन्दर ढंगबाट धन्यवाद दिनु भएको थियो ।

*उक्त सम्मेलनमा सहभागीहरूलाई जलपान दाताहरू–*

१) २६ गते बौद्ध ज्ञान चेतना संघ जुजु भाइ शाक्य काठमाडौं ।

२) २७ गते इन्द्र मानन्धर, पद्मसुन्दर, धरान ।

३) २८ गते साहु ज्ञानज्योति, लक्ष्मीप्रभा कंसाकार, काठमाडौं ।

४) २९ गते पंचवीरसिंह तुलाधर, काठमाडौं ।

*भोजन दाताहरू– दिवा भोजन*

१) २६ गते साहु द्रव्यमान सिंह, बसुन्धरा तुलाधर काठमाडौं ।

२) २७ गते बुद्धराज मोक्तान धरान ।

३) २८ गते साहु ज्ञानज्योति, लक्ष्मीप्रभा कंसाकार काठमाडौं ।

*रात्री भोजन–*

१) २६ गते ज्ञानमाला उपासिका संघ, विराटनगर ।

२) २७ गते श्रीमती विष्णु देवी श्रेष्ठ, अनगारिका शासनवती, धरान ।

३) २८ गते साहु ज्ञानज्योति, लक्ष्मीप्रभा कंसाकार, काठमाडौं ।

*चियापान–*

१) २६ गते साहु धर्मबहादुर धाख्वा, आशाकाजी महर्जन, ललितपुर ।

२) २७ गते रत्नकाजी, जोगहेरा शाक्य काठमाडौं ।

३) २८ गते साहु ज्ञानज्योति, लक्ष्मीप्रभा कंसाकार काठमाडौं ।

## धरानका वयोवृद्धहरूमा सम्मान

उद्‌घाटन समारोहमा धरान नगरपालिका भित्रका वयोवृद्धहरूमा सम्मान एवं उपहार प्रदान प्रमुख अतिथिबाट

(क) वयोवृद्ध श्रीलक्ष्मी नारायण मानन्धर

(ख) वयोवृद्ध मे. खड्ग वहादुर मोक्तान

(ग) वयोवृद्ध श्रीमती रत्नमाया मोक्तान

(घ) वयोवृद्ध श्रीमती विष्णुदेवी श्रेष्ठ

२८ गते नव कार्य समिति निर्धारण भएको थियो ।

*चर्चा–* समापन समारोहमा आयोजक समिति धरानको तर्फबाट सहभागी र सहयोगी हरूलाई जुन रूपले मायालु स्मृति चिन्ह र उपहार दिनुभयो त्यो अति उत्कृष्ट थियो । त्यस्मा लाखौं रुपैया खर्च गरेकोले पछि सम्मेलन गर्नेहरूलाई अलि अप्ठ्यारो हुने भयो भने चर्चा छ ।

*अरु चर्चा–*

ज्ञानमाला सम्मेलनमा भागलिन आएका सहभागीहरूको उद्देश्य देश भ्रमण, मनोरंजन र व्यापार भ्रमण गर्न पनि रहेछ । कुनै धनकुटा, कुनै बस जनकपुर, कुनै बस सिक्किम सम्म पुगेको चर्चा छ । राष्ट्रिय सम्मेलन हलमा त सीट धेरै जसो खालिछ । कुनै कुनै ज्ञानमाला संघ, भजन कार्यक्रममा भाग नलिइकन अन्तै गएको थियो भने कुनै काठमाडौं फर्केका छन् । सम्मेलन बहानामात्र रहेछ भन्ने चर्चा छ ।

धरानमा सम्पन्न भएको चतुर्थ राष्ट्रिय सम्मेलन काठमाडौंबाट जानुभएका दुइजना भिक्षुहरूको प्रमुख आतिथ्यमा र ज्ञानमाला महासंघका अध्यक्षको सभापतित्वमा सम्पन्न भएको थियो । त्यस सम्मेलनमा प्रधानमन्त्री अथवा कोही मंत्रीलाई बोलाइएको थिएन त्यसैले जनस्तरमा सम्पन्न भएको चर्चा थियो ।

## दिवंगतको पुण्यस्मृतिमा दान

२२।९।२०५९ चैनपुर । बोधिसत्व विहारमा श्री नन्दलाल ताम्राकारको दिवंगत भएको ६ महिनाको पुण्यतिथिमा शाक्य समाजको तर्फबाट श्रद्धांजली सभा गऱ्यो । सोही दिनमा श्रीमती गंगालक्ष्मी, ताम्राकार सपरिवार विहारमा आई शील प्रार्थना, बुद्धपूजा पछि दिवंगतको पुण्यस्मृतिमा शाक्य समाजलाई रु.४०००/-

को सरसामानहरू हस्तान्तर गर्नुभयो । उक्त अवसरमा श्री त्रिलोक शाक्यले नन्दलाल ताम्राकारको समाजसेवा बारेमा प्रकाश पार्नु भएको थियो । बौद्ध महिला संघका अध्यक्ष सुमना देवी शाक्यले दाता श्रीमती गंगा लक्ष्मी ताम्राकार परिवारलाई धन्यवाद दिनुभयो । उक्त कार्यक्रम श्री चन्द्र ज्योति शाक्यको संयोजकत्वमा भएको थियो ।

## गोदावरी शान्तिवनमा धार्मिक कार्यक्रम

२०५९ पौष ८ गते, संघाराम विहारको आयोजनामा गोदावरी स्थित शान्ति वन को विशाल बुद्धमूर्तिको दर्शन, पूजा एवं धर्मदेशना कार्यक्रम सम्पन्न भएको छ । लगभग ७०/८० जनाजति श्रद्धालु उपासक उपासिकाहरू र ६ जना भन्ते गुरुमाँहरूको सहभागितामा बुद्ध पूजा धार्मिक कार्यक्रम भयो ।

उक्त बुद्धवन्दना कार्यक्रममा ५ मिनेट मैत्री भावना पनि गरियो । त्यसपछि भिक्षु आनन्द द्वारा सारगर्भित धर्मदेशना भयो । पुण्यानुमोदन द्वारा कार्यक्रमको समापन भयो ।

## "दुर्लभ जन्मदिन" विमोचन

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौं ।

पौष १४, २०५९ ।

सत्यसन्देश प्रचारक प्रकाशनका प्रमुख भिक्षु संघरक्षित द्वारा रचित "दुर्लभ जन्मदिन" (सचित्र कविता) यहाँको पाटनस्थित लुखुँशीमा एक समारोह गरी अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर **"अग्गमहासद्धम्म जोतिकधज"** द्वारा विमोचन भयो ।

प्रसिद्ध चित्रकार पूर्णरत्न (स्वयम्भूरत्न) वज्राचार्यद्वारा चित्रांकित, बौद्ध विद्वान प्रा.सुवर्ण शाक्यद्वारा भूमिकाबद्ध सर्वप्रसिद्ध समालोचक इन्द्र मालीद्वारा समालोचना गरिएको उक्त 'दुर्लभ जन्मदिन' कृतिका लेखक भिक्षु संघरक्षितले भन्नुभयो- "मनुष्य जीवन दुर्लभ किन भयो ? जन्मेर बृद्ध हुने, रोगी बन्ने अनि सबै छोडेर मर्ने दुःखले भरिएको जन्मदिन पनि किन हामीले खुशियालीको रुपमा लिन्छौं ? अनि किन जन्मदाता माता पितालाई ब्रह्माको रुपमा पूज्छौं ? इत्यादिको उत्तर गाभिएको प्रस्तुत कृति सार्वजनिक गर्न पाउँदा हर्षले गद्गद छु ।"

आचार्य भिक्षु कुमार काश्यप महास्थविर, प्रा.रमेश कुमार भट्टराई, कवि दुर्गालाल श्रेष्ठ, शाक्य सुरेन, त्रिरत्न मानन्धर 'कोविद', भिक्षु शोभन, बौद्ध संस्कृतिविद् एवं बरिष्ठ पत्रकार केदार शाक्य जस्ता विद्वज्जनहरूको समीक्षात्मक मन्तव्य रहेको उक्त कृति कवि भिक्षु संघरक्षितको सोन्हौं (१६ औं) कृति हो । यो कृति दि. पिता कालुदायी महास्थविरको पुण्यस्मृतिमा आशाकाजि महर्जन स-परिवारद्वारा मुद्रण गरिएको थियो भने विमोचन समारोहमा आशाकाजिबाट धन्यवाद ज्ञापन गरिएको थियो ।

## वक्तृत्वकला प्रतिस्पर्धा

मैत्रेय युवा संघ भक्तपुरको आयोजनामा २०५९ पौष २० गते संघका सदस्यहरूको बिच "आजको सर्न्दभमा बुद्ध धर्मको आवश्यकता" विषयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो । युवा वर्गमा बुद्धधर्म सम्बन्धी अध्ययन तथा व्यक्तित्व विकास गराउने उद्देश्यले सञ्चालित सो प्रतियोगितामा आठ जना सदस्यहरूले भाग लिएका थिए ।

श्रद्धेय भिक्षु संघरक्षित तथा बौद्ध विद्वान कृष्ण कुमार प्रजापतिको मुख्य अथिति तथा निर्णायक रहनु भएको उक्त प्रतियोगितामा सृजना बज्राचार्य, संगित कोजु, रश्ना बज्राचार्य प्रथम, द्वितिय, तृतिय हुनुभएको थियो । सान्त्वनामा पुरस्कार रोजिना बज्राचार्य प्रभा शाक्य, संन्जिना शाक्य, रंन्जिना शाक्य र अनु बज्राचार्यले प्राप्त गर्नुभएको थियो । विजयी तथा सहभागी सबै प्रतियोगिहरूलाई श्रद्धेय भिक्षु संघरक्षितले नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा संघका उपाध्यक्ष जानेन्द्र शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने लेखक रत्न सुन्दर शाक्यले शुभकामना दिनु भएको थियो । यस कार्यक्रममा संघका अध्यक्ष तिर्थ राज बज्राचार्यका सभापतित्व भएको थियो भने सहसचिव कृष्ण चन्द्र बज्राचार्यले धन्यवाद ज्ञापन दिनु भएको थियो । कार्यक्रम सञ्चालन सचिव राजुमान बज्राचार्यले गर्नुभएको थियो ।

## बनेपामा बौद्ध परियत्ति

बनेपा- अखिल नेपाल भिक्षु संघ द्वारा संचालित

नेपाल बौद्ध परियत्ति समितिबाट स्वीकृति प्राप्त गरी बनेपाका बोधिचर्या विहारमा प्रथम तह अन्तर्गत कक्षा १ देखि प्रत्येक शनिवार परियत्ति शिक्षा (कक्षा) संचालन गरिने भएको छ । माघ ११ गते शनिबार देखि संचालन भएको उक्त कार्यक्रमको लागि बनेपा बोधिसत्व ल्यायम्ह पुचःको सहयोग रहने समाचार छ । उक्त कार्यक्रममा १० देखि १६ वर्ष सम्मका बाल बालिकाहरूलाई शिक्षा पढाइने छ ।

### बाग्लुङमा विहार उद्घाटन

बाग्लुङ ज्ञानोदय विहार पुनर्निर्माण पूर्ण भएको उपलक्षमा भिक्षु महासंघबाट महापरित्राण पाठ गरी उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविर बाट समुद्घाटन सम्पन्न भयो । उक्त अवसरमा भिक्षु शोभितले धर्म देशना गर्दै विहार निर्माणको उपलब्धि बारे व्याख्या गर्नु भयो ।

माघ ४ गते सम्पन्न भएको महापरित्राण को लागि काठमाडौंबाट १४ भिक्षुहरू बाग्लुङ जानुभएको थियो ।

### गणमहाविरया गतिविधि

प्रत्येक शनिबार खुन्हु बौद्ध परियत्ति शिक्षा कक्षा संचालन जुया च्वंगु दु । मेगु अतिरिक्त गतिविधि खः -

पौष २१ गते खुन्हु गणमहाविहारया आयोजनाय् अनया भिक्षुगण व उपासक उपासिकापिं मुना नगरकोट स्थित स्तूप समक्ष शील प्रार्थना, बुद्धपूजा, व धर्म देशना पुण्य कार्य जुल । फुकसितं बसन्त बहादुर शाक्य पाखें जलपान याका बिज्यागु समाचार दु । अथे हे माघया १२ गते नं ककनीया बुद्ध विहारे बुद्ध गुण स्मरण याना शान्ति स्थापना जुइमा धका कामनायाना मैत्री भावना यागु जुल । अबले भिक्षु सोभितं निथाय् नं धर्म देशना याना धया बिज्यात बुद्धयात बांलाक म्हसीका आचरण सुधार याना बुद्धपूजा यासा बुद्ध खुशी जुइ । शान्ति नं जुइ ।

## बुद्ध जीवनी र बुद्ध काल

★ धर्मचक्र प्रवर्तनको बेला उपस्थित ५ गृहत्यागीहरूलाई भिक्षु बनिसकेपछि **पंच भद्रवर्गिय भिक्षु** भनियो । पंच भद्रवर्गिय भिक्षु भन्नाले ५ भिक्षुहरू बुझिन्छन् - कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजीत ।

★ पंच भद्रवर्गिय भिक्षुहरूमा सबभन्दा जेठो कौण्डन्यलाई सबभन्दा पहिले उपसम्पदा दिइएको (=भिक्षु बनाइएको) थियो । यसरी बुद्ध-धर्ममा प्रथम भिक्षु बन्ने व्यक्ति थियो - **कौण्डन्य ।**

★ पंच भद्रवर्गिय भिक्षुहरू धर्मचक्र प्रवर्तनपछि **अनत्त लक्खण सुत्त**को देशनाको समय अरहत् (=क्लेश मुक्त) भएका थिए ।

★ सर्वप्रथम त्रिरत्नको शरण जाने (=त्रैवाचिक शरण जाने) व्यक्ति थिए - यश कुमारको पिता ।

★ सर्वप्रथम त्रैवाचिक शरण जाने उपासिकाहरू थिए - यश कुमारकी आमा **सुजाता** र यश कुमारकी पत्नी ।

★ **सुजाता**- सिद्धार्थलाई क्षीर दान दिने महिला; बुद्धको प्रथम उपासिका मध्ये एक । पतिः यश कुमारको पिता । छोरोः यश कुमारका । बासिन्दाः सेनानी गाउँ, उरूवेला प्रदेश ।

★ सर्वप्रथम भिक्षु हुने गृहस्थ थिए - **यश कुमार ।**

★ यश कुमार भिक्षु बनिसकेपछि उसका थुप्रै साथीहरू पनि भिक्षु बनेका थिए । यसरी बुद्ध बाहेक ६० भिक्षुहरू, जुनकि सबै अर्हत् थिए, भएपछि बुद्धले उनीहरूलाई सर्वप्रथम बुद्ध-धर्म प्रचार गर्न पठाएका थिए ।

***(साभारः बौद्ध दर्पण)***

# बुद्ध जीवनी र बुद्ध काल

★ भिक्षुहरूलाई धर्म प्रचार गर्न पठाई बुद्ध स्वयं उरूवेला जानुभयो । त्यहाँ उरूवेला काश्यपको कुटीमा बुद्धले काल नागराजालाई वशमा ल्याएका थिए । उहाँबाट प्रभावित भई ५०० शिष्यहरूको गुरू **उरुवेल काश्यप**, ३०० शिष्यहरूको गुरू **नदी काश्यप** र २०० शिष्यहरूको गुरू **गया काश्यप** - यी तीनैजना जटाधारी दाजुभाइहरू बुद्धका अनुयायी बने ।

★ त्यसपछि बुद्ध राजगृह पुग्नुभयो । त्यहाँ राजा बिम्बिसारले भगवान् बुद्धलाई सर्वप्रथम विहार दान गरे, जसलाई बेलुबन (=वेणुबन) भनिन्छ ।

★ **बिम्बिसार** - मगधको सम्राट । पिता: भाति । आमा: बिम्बि । रानीहरू: कोशलदेवी र खेमा । अन्य पत्नीहरू: पद्मावती, आम्रपाली आदि वेश्याहरू । छोरो: अजातशत्रु । बेजात छोराहरू: अभय राजकुमार, विमल कौण्डन्य, शीलव, जयसेन, चन्द । छोरी (बेजातकी): चुन्दी ।

★ राजा बिम्बिसार बुद्धभन्दा ५ वर्ष कान्छो थियो । राजा बिम्बिसार १५ वर्षको छँदा राज्याभिषेक भएको थियो । उनी २४ वर्षको छँदा सिद्धार्थलाई पाण्डव पर्वतमा भेटेको थिए (तु० ३८) । ३१ वर्षको उमेरमा उनी बुद्धको शरणमा गएका थिए । त्यसपछि ३६ वर्षसम्म राज्य गरी उनको ६७ वर्षमा मृत्यु भयो । बिम्बिसार निधनको बेला बुद्ध ७२ वर्षका हुनुहुन्थे ।

★ राजा बिम्बिसार शत्रु देश वैशालीमा गई आम्रपालीसँग एक रात सुतेका थिए । आम्रपालीको तर्फबाट उनले विमल कौण्डन्य नामक छोरो पाएका जो पछि भिक्षु बने ।

★ बिम्बिसारले आफ्नो बेजातको छोरो अभय राजकुमारलाई ७ दिनसम्म मगधको राज्य चलाउन दिएको थियो ।

★ तक्षशिलाको राजा **पुक्कुसातिलाई** बिम्बिसारले उपहारमा त्रिरत्नको सन्देश पठाएको थियो ।

★ राजा पुक्कुसाति बुद्धको ख्याति सुनेर आफ्नो राज्य त्याग गरी राजगृहमा आई बुद्ध कहाँ भिक्षु बन्न आएका थिए ।

★ बुद्धलाई भेट्न तक्षशिलाबाट राजगृह आउने राजा **पुक्कुसाति** भगवान् बुद्धसँग **धनीय** नाउँको कुह्मालेको झोपडीमा सँगै सुत्न पुगेका थिए । पुक्कुसातिले बुद्धलाई चिनेका थिएनन् । बुद्धले उपदेश दिएपछि मात्रै पुकक्सातिले बुद्धलाई चिने ।

★ बुद्धको भिक्षुसंघमा सारिपुत्र र मौद्गल्यायन बुद्धका मुख्य शिष्यहरू थिए । यी दुईलाई **अग्रश्रावक** वा महाश्रावक (=उत्तम शिष्यहरू) पनि भनिन्छ ।

★ **सारिपुत्र** (=धर्म सेनापति) - बुद्धको मुख्य शिष्य । प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु । पिता: वंगन्त । आमा: रूपसारी । भाइहरू: चुन्द, उपसेन, रेवत । बहिनीहरू: चल, उपचल, शिशूपचल । गृहस्थी नाम: उपतिष्य (=उपतिस्स) । बासिन्दा: नालक (=उपतिस्स) गाउँ, राजगृह ।

★ सारिपुत्रलाई अस्सजित[१] ले बुद्ध-धर्ममा ल्याएका थिए । त्यसैले सारिपुत्रले सँधै आफ्नो गुरु अस्सजित रहेको दिशातिर प्रणाम गर्दथे र सुत्दा आफ्नो टाउको उक्त दिशातिर पारी सुत्दथे ।

★ भगवान्ले सारिपुत्रको भाञ्जा **दिर्घनख** परिब्राजकलाई उपदेश दिइराखेको सुनेर बुद्धलाई पछाडिबाट पंखा हम्काइराख्ने सारिपुत्र अर्हत् भएका थिए ।

★ अति सहनशील भएको हुनाले सारिपुत्रलाई सिंङ् नभएको गोरू भनिएको थियो ।

★ सारिपुत्र महास्थविरमा तलका विशेषताहरू थिए–

१) चार आर्यसत्यको व्याख्या गर्न सक्ने
२) रोगी सेवा गर्ने
३) करुणा र सहनशीलताबाट सम्पन्न
४) विहारको सफाइ र रक्षा गर्ने
५) भाँडोमा पानी भर्ने
६) ओछ्यान मिलाउने

*(साभार: बौद्ध दर्पण)*

## भिक्षु अनिरूद्ध सकुसल लिहाँ बिज्यात

नेपा:या संघनायक पूज्यभिक्षु अनिरूद्ध महास्थविर मातातीर्थ ‘विहारे गोतुवना ल्हा: छपा बांलाक चले मजूगुलिं थाइल्याण्डया राजधानि बैंककया अस्पताले भर्ना जुया बिज्यात । वसपोलया उपचारया लागी थाइल्याण्डया संघराजा सोमदेच फ्रा ञाणसंवरया पाखें प्रबन्ध जूगु जुया अनिरुद्ध महास्थविरयात विशेष भी.आइ.पी कोठाय् तया वास: याना त:गु समाचार दु। नेपालं भिक्षुपिं वास:याय्त बैकक् बिज्याइबले प्रबन्धमिले याय्त अपुगु नेपायाम्ह हे भिक्षु सुगन्ध वसपोल संघराजया निजी सचिव जुया च्वम्ह दुगुलिं ख: । पूज्य अनिरुद्ध भन्तेयात पासा माला अनबिज्याम्ह भिक्षु बोधिसेनया नं स्वास्थ्य परीक्षणया:बले नुगचुइ छुं गरबर जूगु खना वसपोलनं अनहे अस्पताले भर्ना जूगु ख: । वसपोलपिं सकुसल लिहाँ बिज्यात ।

## श्री ज्ञानज्योति कंसाकारया त:धंगुदान

पूज्य अनिरुद्ध महास्थविरया सेवा याय्त भिक्षु बोधिसेन व मेम्ह उपासक समेत स्वम्हेसित प्लेन टिकट कया दानयाना दीगु त:धंगु दान ख: । यान वाहन दान बीगु त:धंगु सुखदान ख: धका गौतम बुद्धं धया बिज्यागु दु । उगुकथं श्री ज्ञानज्योति उपासकं मौकाय् हे तस्सकं उपकार जुइकथं स्वम्हेसित प्लेनया टिकट कया दानयानादीगु त:धंगु सुख दान ख: धैगु चर्चा दु ।

## यल ज्ञानमाला भजन महासंघ

ने.सं. ११२३ थिंलागा तृतीया खुनु हिरण्यवर्ण महाविहार तारेमाम संघ ज्ञानमाला भजन खल:या गोसाले भिंछे बाहा, त्रिरत्न वकुबाहा, ह:खा, गुजिबाहा, न्याखाचोक, बूबहा, न: बाहा, श्री बाहा, चिकंबही ज्ञानमाला भजन व एम.पी. विहारया प्रतिनिधिपिं मुना जूगु सहलहकथं ‘यलब्यापी ज्ञानमाला भजन महासंघ” स्थापना याय्गु कोछित । हाल थुगु सभाय् गाँया ज्ञानमाला भजन खल:त तोफ्यूगुलिं भाजु ज्ञान बहादुर शाक्यया संयोजकत्वे छगू तदर्थ समिति जक स्वन । थुगु तदर्थ समिति थ्व हे पौहेला थ्व अष्टमीया दिने स्वन्हुयंक सुनसरी धराने जूगु राष्ट्रिय ज्ञानमाला महासंघ सम्मेलने ब्वति कया न्याकोगु राष्ट्रिय ज्ञानमाला महासंघ सम्मेलन याय्गु यलं पा: कया ह:गु दु । उखुनु यल ज्ञानमाला महासंघ स्थापनायागु सभाय् सहभागीपिन्त जलपान याके खंगुलिं हिराकाजी सुइका तसकं लय्तागु चर्चा दु ।

## सुवर्ण छत्रपुर विहार

२०५९ पौष १२ लुभु । अष्टमी खुन्हु सुवर्ण छद्दत्रपुर विहारया गोसाले बुद्धया शिक्षा प्रचार याय्गु मनसायं विहारया सकल उपासक उपासिकापिं मुना लुभुदेया चिबाहा पतिकं बुद्धपूजा नापं धर्मदेशनाया पुण्य कार्य जूगु दु। उखुन्हुया दिने विहारया उपसमितिया नायो भाजु कृष्णगोपाल श्रेष्ठं अन सहभागी सकसितं जलपान याकादीगु ख: । अन ज्ञानमाला भजन नं जूगु समाचार दु। अथे हे माघ ११ गते नं गछेत्वाले नं पूजा जुगू दु। भिक्षु संघरक्षितं धर्मदिशना याना बिज्यागु समाचार दु।

## थी थी समिति गठन

२०५९ मंसीर महीनाया २० गते खुन्हु पूर्णमान महर्जनया अध्यक्षताय् भिंप्यम्ह सिगु पदाधिकारी तय्गु विहार संरक्षण समिति गठन जूगु दु। अथेहे २२ जवानया पदाधिकारी तय्गु सहितगु सुवर्ण छत्रपुर उपसमिति नापं रामगोपाल सिंहया अध्यक्षताय् बौद्ध परियत्ति शिक्षा संचालक समिति नीस्वंगु समाचार दु।

## हने ज्या

म्यान्मार (बर्मा) या नागरिक अनगारिका मागुणवती गुरुमाँ नेपाले ३९ दँ मयाक च्वना धर्म प्रचार याना लिहाँ बिज्याय् त्यंगु इले अभिधम्म अध्ययन समाज पाखें वसपोलयात हनेगु ज्या विश्व शान्ति विहारे जूगु दु।

अभिधम्म अध्ययन समाजया नायो प्रेमलाल चित्रकारया नायोत्वे जूगु हनेज्याय् ‘सिद्धिरत्न शाक्य पाखें लसकुस न्वचु व रोशन तुलाधर पाखें धन्यवाद ज्ञापन जूगु खसा तीर्थरत्न शाक्यं मागुण गुरुमाँया देन बारे थी थी गुण व जीवनीया बारे खँ कना बिज्यात। उगु हनेज्या सुश्री चित्रा तुलाधरजुं न्हयाकादिगु ख: । मा गुणवती गुरुमाँ बर्मा लिहाँ बिज्याय् धुंकल ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८